# न्यू ह्याम्पशायर
# विशेष शिक्षा
# प्रक्रियात्मक सुरक्षा उपाय हस्तपुस्तिका

यो हस्तपुस्तिका *असक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन २००४*र असक्षम *बालबालिकाहरुका शिक्षाको निम्ति मार्च २६, २०१७ बाट प्रभावकारी भएको* NH *को नियमहरुमा* आधारित छ ।

## अप्रिल २०१८

*विकासकर्ता*

*NH शिक्षा विभाग, अभिभावक सूचना केन्द्रको सहकार्यमा विशेष शिक्षा विभाग,*

*स्कूल शिक्षा विभागको NH संघ र NH स्कूल प्रशासक संघ*

वितरक: (यहाँ LEA को नाम र ठेगाना)

## परिचय

बालिबालिकाहरु अझ बढी सफल हुने सम्भावना हुन्छ जब अभिभावक र शिक्षा सिकाउने व्यक्तिहरु एकजुट भएर असक्षम बालबालिकाहरुको शैक्षिक लक्ष्यहरु हासिल गर्न र हाँसिल गर्न सहकार्य गर्दछन् । संघीय र राज्य कानूनले अभिभावकहरुलाई तिनीहरुका आफ्ना नानीहरुको विशेष शैक्षिक आवश्यकताको बारेमा योजना बनाउन र निर्णय लिने जस्ता कुरामा संलग्न हुने थुप्रै अवसर उपलब्ध गराउँछ ।

यो हस्तपुस्तिका अभिभावक, असक्षमता भएका वयस्क विद्यार्थी, शिक्षक र अन्यहरुलाई विशेष शिक्षाको प्रक्रियामा अभिभावक/छोराछोरीहरुको अधिकारको बारेमा जानकारी उपलब्ध गराउन विकास गरिएको हो । यो अधिकारलाई "प्रक्रियात्मक सुरक्षा उपायहरु"भनिन्छ । अभिभावकहरु IEP टोलीका अभिन्न सदस्यहरु हुन् । IEP टोली भनेको त्यो समूह हो जसले बालबालिकाहरुको विशेष शैक्षिक आवश्यकता र सेवाहरुको बारेमा महत्वपूर्ण निर्णय गर्दछ । अभिभावकहरू IEP टोलीका पूर्णकालीन सदस्यहरु हुन् ।

IEP टोलीले बच्चाको मूल्याङ्कन, योग्यता, वैयक्तिक शिक्षा कार्यक्रम (IEP) र शैक्षिक स्थान नियोजन जस्ता कुराहरुको निर्धारण गर्छ । टोलीको औपचारिक नाम IEP भएपनि यसको क्रियाकलाप र सम्बोधन गरिने कार्यको आधारमा यसलाई अन्य नामले पनि पहिचान गर्न सकिन्छ । तपाई IEP को महत्वपूर्ण सदस्य हुनुहुन्छ; तपाईको आवाज यसमा समावेश हुनु आवश्यक छ । विशेष शिक्षा प्रक्रियाले अभिभावकहरुलाई आफ्नो बच्चाहरुको बारेमा उनीहरुको ज्ञान र सीपलाई अन्य बच्चाको टोलीसँग बाँड्नको लागि अवसर प्रदान गर्दछ । अभिभावहरुलाई विशेष शिक्षा प्रक्रियामा सहभागी हुन र स्कूल र अभिभावकहरुका बीचमा आफ्ना बच्चाहरुको तर्फबाट सञ्चारको प्रवर्धन गर्नको निम्ति कानून स्थापित गरिएको हो । विशेष शिक्षा प्रक्रिया तब प्रभावकारी हुन्छ जब आमाबाबा र स्कूलका कर्मचारीहरुलाई सही तरिकाले सूचित गरिन्छ र एकैसाथ मिलेर काम गर्न सक्षम हुन्छन् ।

सार्वजनिक खर्चमा निःशुल्क उचित शिक्षा (FAPE) को पूर्ण पहुँचको लागि अभिभावकहरु र विशेष शिक्षा प्रक्रियामा संलग्न अन्य व्यक्तिले आफ्ना अधिकार बुझ्न र सीमाहरुको कानून र अन्य प्रतिबन्धहरुमा सचेत हुनु विशेष रुपमा महत्त्वपूर्ण हुन्छ ।

असक्षम व्यक्ति शिक्षा ऐन (IDEA 2004) ले स्कूल विभागहरुलाई प्रक्रियात्मक सुरक्षा उपायहरु (अभिभावकको अधिकार) को प्रतिलिपि स्कूल वर्षको एकपटक मात्र उपलब्ध गराउन आवश्यक गराउँछ । तपाईंलाई प्रतिलिपि दिइनुपर्ने बेलामा थप समय हुनेछ: (१) प्रारम्भिक सिफारिस भएमा वा मूल्याङ्कनको निम्ति अभिभावकको अनुरोधमा; (२) स्कूल वर्षको पहिलो राज्य उजुरी अथवा पहिलो उचित प्रक्रियाको उजुरीको प्राप्तिमा; ३) स्थान परिवर्तन गराउने अनुशासनात्मक कार्य गर्नको लागि निर्णय गर्दा र (४) अभिभावकको अनुरोधमा ।

कृपया ध्यान दिनुहोस् यस हस्तपुस्तिकाले *असक्षम व्यक्ति शिक्षा ऐन 2004* (IDEA 2004) को आवश्यकतालाई पूरा गर्दै अभिभावकहरुलाई उनीहरुको हकमा रहेको प्रक्रियात्मक सुरक्षाको लिखित कागजातहरु उपलब्ध त गराइन्छ तर यसमा संघीय र राज्य बिशेष शिक्षा कानून र नियमहरुको सम्पूर्ण कुराहरु समावेश भएका छैनन् ।

प्रक्रियात्मक सुरक्षा हस्तपुस्तिकाको बारेमा NH शिक्षा विभागको यस वेबसाइटमा पाउन सकिन्छ:

https://www.education.nh.gov/instruction/special_ed/proceduralsafeguards.htm

असक्षमता भएका बालबालिकाहरुको शिक्षाको NH नियमहरुको पूर्ण जानकारीहरु NH को शिक्षा विभागको वेबसाइटमा फेला पार्न सकिन्छ :

http://www.education.nh.gov/instruction/special_ed/documents/newly_adopted_nh_rules.pdf

असक्षम बालबालिकाहरुको शिक्षाको NH नियमहरुको बारेमा निःशुल्क प्रतिलिपि किताब (NH नियमहरु) प्राप्त गर्न शिक्षा विभागलाई (६०३) २७१–३७४१ मा फोन गर्नुहोस् ।

| विषय–सूची | पृष्ठ |
|---|---|
| NH विशेष शिक्षा प्रक्रियात्मकको संक्षिप्त विवरण | १–३ |
| अभिभावकीय सहमति | ३–६ |
| पूर्व लिखित सूचना | ६ |
| स्वतन्त्र शैक्षिक मूल्याङ्कन | ७ |
| शैक्षिक प्रतिनिधि अभिभावकहरु | ८ |
| जानकारीको गोपनीयता | ८–१० |
| राज्य उजुरी प्रक्रिया | ११–१२ |
| वैकल्पिक विवाद समाधान | १२–१४ |
| उचित प्रक्रियाको उजुरी प्रक्रियाहरु | १४–१८ |
| निष्पक्ष उचित प्रक्रियाको सुनुवाई | १८–२१ |
| सुनुवाई पछिका विषयवस्तु र वकीलका शुल्कहरु | २१–२२ |
| असक्षमता भएका बालबालिहरुकाहरुलाई अनुशासनमा राख्ने प्रक्रियाहरु | २२–२४ |
| सीमाहरुको कानून | २५ |
| सार्वजनिक खर्चमा निजी स्कूलहरुमा बालबालिकाको एकपक्षीय स्थान नियोजन | २५–२६ |
| निःशुल्क वा न्यून लागतको सहायता /श्रोतहरु | २७ |
| “दिनहरु” को परिभाषा र प्रकार | २८–२९ |
| परिवर्णि शब्द | ३०–३१ |
| परिशष्ट क:  नागरिक भत्ता  वा मोडल (नमूना) को प्रयोग सम्बन्धी लिखित सूचना | ३२–३४ |

# NH विशेष शिक्षा प्रक्रियाको संक्षिप्त विवरण

**यसको अभिप्राय भनेको तपाईंलाई न्यू ह्याम्प्शायर प्रक्रियात्मक सुरक्षा पढ्दा विशेष शिक्षा प्रक्रियाको बारेमा संक्षिप्त सारांश दिई यसलाई सन्दर्भको रुपमा प्रयोग गर्नु हो । विशेष शिक्षाको बारेमा तपाईंको विस्तृत जानकारीको विकासमा मद्दत गर्नको लागि थप श्रोतहरु उपलब्ध छन् ।**

विशेष शिक्षा प्रक्रियामा विशेष चरणहरु समावेश छन् जसमा प्रत्येकको आ–आफ्नै आवश्यकताहरु छन् । विशेष शिक्षा प्रक्रियाका सबै चरणमा तपाईं र स्कूल विभागलाई सँगै मिलेर कार्य गर्ने प्रक्रियाहरु समावेश गरिएका छन् । विशेष शिक्षा प्रक्रियाको क्रम निम्न अनुसारका छन्:

**पहिचान /बच्चा फेला पार्ने**

NH नियमहरु - Ed 1105

↓

**सन्दर्भ**

NH नियमहरु- Ed 1106

↓

**मूल्याङ्कन**

NH नियमहरु- Ed 1107

↓

**योग्यता निर्धारण**

NH नियमहरु- Ed 1108

↓

**IEP को विकास र स्वीकृति**

NH नियमहरु - Ed 1109

↓

**स्थान नियोजन**

NH नियमहरु- Ed 1111

↓

**IEP हरुको अनुगमन र बार्षिक समीक्षा**

NH नियमहरु- Ed 1109.06

*नोट: यी मध्ये केही आवश्यक बैठकहरु संयुक्त रुपमा हुन सक्छन्।*

विशेष शिक्षा प्रक्रिया IEP र स्थान नियोजनको वार्षिक समीक्षा समावेश हुन्छ, जुन औपचारिक र अनौपचारिक मूल्याङ्कन र हालको IEP का लक्ष्य तथा उद्धेश्यहरुको अवलोकन र प्रगति जस्ता जानकारीमा आधारित हुन्छ ।

**पहिचान/बच्चा फेला पार्ने** कसैले पनि बच्चामा असक्षमता भएको र विशेष शिक्षाको अवश्यकता परेको लागेमा त्यस बच्चालाई सिफरिस गर्न सक्छन् । यसैगरी, सबै योग्य बच्चाहरु फेला परेको, पहिचान भएको र सेवाको आवश्यकता भएको पक्का गर्नको लागि विशेष शिक्षा प्रक्रिया प्रयोग गरेका सबै स्कूल विभागहरुले शंका लागेका सबै बच्चाहरु जो २.५ वर्ष देखि माथि तर २१ वर्षभन्दा कम छन्, तिनीहरुलाई फेला पार्ने, पहिचान गर्ने र मूल्याङ्कन गर्ने काम गर्छ ।

**सिफारिस र सिफारिसको खारेजी** जब तपाई, शिक्षक वा अन्य व्यक्तिलाई बच्चालाई असक्षमता भएको वा विशेष शिक्षाको आवश्यकता भएको शंका लागेमा, स्कूल विभाग मा सिफारिस गर्न सकिन्छ । बच्चाको शिक्षकका साथै तपाई बाहेक अन्य कसैबाट सिफारिस आएको भएमा, सिफारिस गरिएको छ भनी तपाईलाई तुरुन्तै लिखित रुपमा नै सूचित गरिन्छ । सिफासिको खारेजी बैठक जसमा तपाईलाई निमन्त्रण गरिनेछ, त्यो सिफारिस प्राप्त भएको १५ कार्यालय दिनहरु भित्र आयोजना भएको हुनुपर्दछ । यो बैठक (सबै IEP टोली बैठकहरु जस्तै) तपाईं र स्कूल बीचको आपसमा सहमति भएको मिति, समय र स्थानम गरिएको हुनुपर्छ । IEP टोली तपाईंको बच्चामा असक्षमता छ र उसलाई विशेष शिक्षा वा विशेष शिक्षा सम्बन्धी सेवाहरु आवश्यक पर्छ भन्ने कुरको कुनै संकेत नभएमा र यो समयमा स्कुलले तपाईको बच्चाको आवश्यकताहरुलाई नियमित शैक्षिक सेवाहरुद्वारा पनि पुरा गर्न सक्छ भन्ने कुराको निर्णय लिन सक्छ । अन्यथा, तिनीहरुले बच्चामा असक्षमता भएको हुनसक्छ भनी आशङ्का गर्ने कारण छ र उसको मूल्याङ्कन गरिनुपर्छ भनी निर्धारण गर्न सक्नेछन् ।

स्कुलले तपाईलाई IEP टोलीको निर्णयको लिखित सूचना प्रदान गर्नुपर्छ । यो सूचना यस हातेपुस्तकको पृष्ठ ६ मा व्याख्या गरिएको “पूर्व लिखित सूचना” हो । यदि IEP टोलीले अतिरिक्त मूल्याङ्कनको आवश्यकता छ भनी निर्णय गरेमा, तपाईको बच्चा असक्षमता भएको बच्चा हो या होइन भनि निर्धारण गर्नका लागि कुनै पनि व्यक्तिगत मूल्याङ्कन गर्न अभिभावकको मन्जुरी प्राप्त गर्ने अनुरोध पनि पूर्व लिखित सूचनाले समावेश गर्छ ।

**मूल्याङ्कन** जब तपाईको बच्चालाई विशेष शिक्षाको आवश्यकता छ भनी ठानिन्छ, मूल्याङ्कनहरु शुरु गर्नु भन्दा पहिले तपाईको लिखित सहमतिको आवश्यकता पर्दछ । तपाईको स्कुल विभागले निःशुल्क रुपमा तालिम प्राप्त, कौशल, प्रमाणित र अनुपति प्राप्त भएका मूल्याङ्कनकर्ताहरुद्वारा मूल्याङ्कनको आयोजना गर्नेछ । स्कुल विभागले मूल्याङ्कनको लागि तपाईको लिखित सहमति प्राप्त गरेपछि, प्रारम्भिक मूल्याङ्कनहरु ६० पात्रो दिन भित्रमा पूरा गरिएको हुनुपर्छ । पुनर्मूल्याङ्कनहरुका लागि, अभिभावकको सहमति प्राप्त भएको ६० दिन भित्र वा थप समयको ३० दिन भित्र मूल्याङ्कन सकिएको हुनुपर्दछ ।

LEA ले प्रतिवेदनहरुको मूल्याङ्कन र आंकलन गर्ने IEP टोली बैठकभन्दा कम्तीमा ५ दिन अगावै प्रत्येक मूल्याङ्कनकर्ताको मूल्याङ्कन र आंकलनको प्रतिवेदनहरु का प्रतिलिपिहरु अभिभावकहरुलाई उपलब्ध गराउनुपर्छ । अभिभावकहरु र LEA अन्य तरिकामा सहमत नहुँदासम्म LEA ले अभिभावकहरुलाई संयुक्त राज्य पत्र मार्फत प्रतिवेदन(हरु) पठाएर प्रतिवेदन(हरु) उपलब्ध गराउँछ । तपाई स्कुल विभागले गरेको मूल्याङ्कनमा असहमत हुनुहुन्छ भने तपाईले कुनै खर्च बिना व्यक्तिगत मूल्याङ्कनको लागि स्कुल विभागलाई अनुरोध गर्न सक्नुहुन्छ ।

मूल्याङ्कन पूरा भएपछि, तपाईलाई लिखित सारांश दिइनेछ ।

**योग्यताको निर्धारण र असक्षमताको वर्ग** मूल्याङ्कनहरु पूरा भएपछि, तपाईंको बच्चा विशेष शिक्षाको लागि योग्य छ वा छैन भनी निर्धारण गर्न IEP टोलीले प्राप्त जानकारीको प्रयोग गर्छ । योग्य हुनको लागि, तपाईंको बच्चामा असक्षमता हुनुपर्छ र शिक्षाबाट लाभ लिन विशेष शिक्षा वा विशेष विशेष शिक्षा र यससँग सम्बन्धित सेवाहरु आवश्यक भएको हुनुपर्छ । त्यसपछि तपाईको बच्चालाई NH नियमहरु Ed 1102.01(t) मा सूचीबद्ध गरिएको विशिष्ट असक्षमताको प्रकारको एक वा बढी अनुसार पहिचान गरिनेछ । विशेष शिक्षाको लागि योग्यता निर्धारण गर्न IEP टोली कम्तीमा तीन वर्षमा एकपटक बैठक बसेको हुनुपर्छ ।

**IEP को विकास** तपाईको बच्चा विशेष शिक्षाको लागि योग्य भएको फेला पारिएको ३० दिनभित्रमा, तपाईको बच्चाको लागि वैयक्तिक शिक्षा कार्यक्रम (IEP) विकास गर्नका लागि IEP टोलीको बैठक बस्नेछ । तपाई सहमत भएर हस्ताक्षर नगर्दासम्म प्रारम्भिक IEP प्रभावकारी हुँदैन । IEP टोलीले NH नियमहरु Ed 1109.01 र 1109.03 मा सूचीबद्ध गरिएका विशेष आवश्यकताका तत्वहरुलाई समावेश गदर्छ ।

तपाईको बच्चाले एकपटक IEP प्राप्त गरेपछि, यसलाई कम्तीमा वार्षिक रुपमा IEP टोलीद्वारा समीक्षा/संशोधन गरिन्छ । तपाईको बच्चा स्कुल वर्षको सुरुमा राखिएको IEP मा सहमत भएको हुनुपर्छ । IEP टोली बैठक आयोजना हुनुभन्दा कम्तीमा १० दिन अगावै तपाईलाई बैठकको बारेमा लिखित सूचना दिन्छ । यस सूचनामा बैठकको समय र स्थान, उद्धेश्य र उपस्थित हुने सहभागीहरको सूची समावेश हुन्छ । आवश्यकता अनुसार अभिभावक वा एजेन्सीहरुको निर्णयमा अन्य व्यक्तिहरु जससँग बच्चाको बारेमा, सम्बन्धित सेवाहरुका कर्मचारी, असक्षमता भएको बच्चा बारेमा ज्ञान वा विशेष दक्षता छ उनीहरुलाई आमन्त्रण गर्न सकिनेछ । यसो गर्न आवश्यक नहुँदा, अभिभावकले बैठकमा अन्य व्यक्ति वा मानिसहरुलाई आमन्त्रण गर्नुभएको छ भने अग्रिम रुपमा स्कुलाई सूचित गर्नु आमाबुवाको विनम्रता हो ।

**<u>शैक्षिक स्थान नियोजनको निर्धारण</u>** IEP लाई विकास गरिएपछि, क्षभ्ए टोलीले सबैभन्दा कम प्रतिबन्ध वातावरण (LRE) मा स्थान नियोजनको निर्धारण गर्न बैठक बस्छन्, जसमा तपाईको बच्चाले उसको /उनको IEP मा बयान गरिए अनुसारको विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्राप्त गर्न सक्छन् ।

**<u>कार्यान्वयन र अनुगमन</u>** तपाईको बच्चाको आवश्यकता पूरा भएका छन् वा छैनन् भनी सुनिश्चित गर्न अभिभावक, शिक्षक र अनुगमनमा संलग्न अन्य व्यक्ति निरन्तर रुपमा संलग्न हुन्छन् । तपाईको बच्चाको प्रगतिको बारेमा सरोकारहरु भएमा, कुनै अनावश्यक ढिलाई बिना नै IEP टोलीको बैठक अनुरोध गर्न सकिन्छ ।

## अभिभावकको मन्जुरी

**असक्षमता भएका बालवालिकाहरुको शिक्षाको निम्ति न्यु हेम्प्शायर को नियमहरु ~ Ed 1120.04**

स्कुल विभागले असक्षमता भएको बच्चाको लागि विशेष शिक्षा र सम्बन्धित सेवाहरु उपलब्ध गराइदिनको निम्ति लिखितमा अभिभावकको मन्जुरी माग गर्नुपर्छ, साथै विशेष परिस्थिति बाहेक, अन्य क्रियाकलापहरुको निम्ति पनि जुन विशेष शिक्षा प्रक्रियाका भागहरु हुन्।

*मन्जुरी* को अर्थ:

(क) तपाईं मन्जुरीमा खोजिएको कुराहरुसंग सम्बन्धित क्रियाकलपहरुको सबै जानकारीहरु संग तपाईंको मातृ भाषा र संचारको अन्य माध्यमहरु बाट तपाईंलाई पुर्ण रुपले सुचित गराइएको छ;

(ख) तपाईंको मन्जुरी खोजिएको क्रियाकलप तपाईं पुरा गर्नुहुनेछ भनि तपाईं बुझ्नु हुन्छ र लिखितमा सहमत हुनुहुन्छ, र यो मन्जुरीले क्रियाकलापको ब्याख्या गर्छ र (यदि छ भने) ति रेकर्डहरुको सुची बनाउछ र को संग भनि जारि गर्छ; र

(ख) (१) मन्जुरी जनाउने कुरा स्वेक्षिक छ र यो मन्जुरी कुनै पनि समय रद्द गर्न सकिन्छ भनि तपाईं बुझ्नु हुन्छ;

(२) तपाईंले मन्जुरी दिई सक्नु भए पछि र त्यो रद्द गर्न भन्दा अघि तपाईंको मन्जुरी रद्द भएतापनि घटी सकेको कार्यलाई यसले नकार्न (अनडु) सक्दैन;

लिखितमा जवाफ दिनको लागि स्कूल विभागको अनुरोधको मिती देखि तपाईं संग १४ दिन छ। यदि तपाईं र स्कूल विभाग पारस्परिक रुपमा समय लम्ब्याउने कुरामा सहमत हुनुभयो भने यो १४ दिनको समय सिमा बढाउन सकिन्छ।

अभिभावकको मन्जुरी लिखितमा हुनुपर्छ र त्यो स्पष्ट "सुचित" गरिएको हुनुपर्छ जसमा, प्रस्ताव गरिएको कुरा,
स्कुलेले प्रस्ताव गरिरहेको कार्यहरुको के कस्ता परिणामहरु(फाइदा र बेफाइदा) छन, र IEP टोलीले किन परिवर्तनहरुको प्रस्ताव गरिरहेको छ जसको निम्ति तपाईंको मन्जुरी अनुरोध गरिएको छ भने कुराहरु तपाईंले बुझ्नै पर्छ।

**स्कुल विभागले तपाईं बाट सूचित, लिखित मंजूरी यी कुराहरु भन्दा अघि प्राप्त गर्ने पर्छ:**

- एउटा प्रारम्भिक मूल्यांकन संचालन गर्न भन्दा अघि;
- विशेष शिक्षा र एउटा असक्षमता भएको बच्चा संग सम्बंधित सेवाहरुको प्रारम्भिक व्यवस्था भन्दा अघि;
- IEP को वार्षिक नवीकरण र असक्षमता भएको बच्चाको व्यवस्था भन्दा अघि;

- असक्षमताको वर्गीकरण निर्धारण व परिवर्तन गर्न भन्दा अघि;
- विशेष शिक्षा वा विशेष शिक्षा र सम्बंधित सेवाहरुको प्रकृति व क्षेत्र परिवर्तन गर्न भन्दा अघि;
- पुनः मूल्याङ्कन सञ्चालन गर्न भन्दा अघि;
- 34 CFR 300. 154(d) अनुरूप सार्वजनिक विमामा पहुँच भन्दा अघि; र
- प्रत्येक पल्ट स्कुल विभागले निजी विमाको पहुँचको निम्ति प्रस्ताव गर्न भन्दा अघि।

***यी कुराहरुको निम्ति पनि मञ्जुरी आवश्यकता पर्छ:***

- पुनःमूल्यांकनको निम्ति समय वृद्धि। सबै पक्षहरुको लिखित मंजूरी पछि, Ed 1107.01(d) ले ६० दिनको समय सिमा तोके अनुसार ३० दिन नबढ़ने गरी एउटा निश्चित दिनहरूको संख्या बढाउन सकिन्छ।
- विशेष शर्तहरु (Ed 1103.01(e)) अन्तर्गत IEP टोलीका सदस्यहरुलाई छूट छ।

***नोट: प्रारम्भिक मूल्याङ्कनको मञ्जुरीलाई विशेष शिक्षा र सम्बंधित सेवाहरुको प्रारम्भिक मञ्जुरी झैँ मान्न सकिँदैन।***

**निम्न अवस्थाहरु भन्दा अघी स्कुल विभागले तपाईंको मन्जुरी लिन आवश्यक छैन्:**

- तपाईंको बच्चाको मूल्यांकन वा पुनः मूल्यांकन को एउटा भागको रुपमा हालको डाटा पुनर्विचार; वा
- सबै बच्चाहरुको अभिभावकहरुको सहमति नभएसम्म, परीक्षा वा अन्य मूल्याङ्कन सञ्चालन गर्ने कुरा, जून सबै बच्चाहरुलाई गराइन्छ।

*विशेष परिस्थिति: यदि स्कुल विभागले १४ दिन भित्र तपाईंको लिखित मंजूरी प्राप्त गरेन भने र तपाईंको मञ्जुरी प्राप्त गर्न यसले उचित उपायहरु गरिसकेको कुरा देखाउन सक्छ त्यो अवस्थामा स्कुल विभागले निम्न कुराहरु लागू गर्न सक्छ:*

- IEP को वार्षिक नवीकरण र असक्षमता भएको बच्चाको भर्ना;
- असक्षमता वर्गीकरणको निर्धारण वा परिवर्तन;
- विशेष शिक्षा वा विशेष शिक्षा र सम्बन्धित सेवाहरुको प्रकृति व क्षेत्र परिवर्तन;
- पुनः मूल्याङ्कन सञ्चालन;

*"उचित उपायहरु" मा निम्न कुराहरु संलग्न गरिएका हुन्छन: प्रयास गरिएको टेलिफोन कलको रेकर्डहरु र ति कलहरुको नतिजाहरु, तपाईंलाई पठाइएको पत्राचार (प्रमाणित मेलहरु, रसिद फर्काउने अनुरोध) को प्रतिहरु, र प्राप्त गरिएका कुनै पनि प्रतिक्रियाहरु, रवा तपाईंको घर वा कार्यस्थलमा गरिएको भेटघाटको विस्तृत रेकर्ड र त्यस भेटघाटको नतिजाहरु।*

*DCYF को निगरानीमा भएका कुनै पनि बालबालिकाहरु, र अभिभावकीय अधिकार रद्द भएकाहरुका निम्ति, राज्यले एउटा शैक्षिक प्रतिनिधि नियुक्त गर्न सक्छ।*

तपाईंले मंजूरी स्वीकार गर्दा, तपाईंलाई मञ्जुरी मागिएको कुनै पनि पक्षको क्रियाकलापको विषयमा प्रश्न सोध्नु महत्वपूर्ण छ।

**तपाईंले १४ दिन भित्रमा**, वा **सहमत भएको समय सीमा** भित्र तपाईंले मञ्जुरी फाराम स्कूल **विभागलाई बुझाई** सक्नु जरुरी हुन्छ। स्कूल विभागले तपाईंलाई मंजूरी फारम **पठाएको** दिन देखिनै समय सिमा शुरू हुन्छ। यदि मञ्जुरी फाराम तपाईं कहाँ मेलको रुपमा आयो र तपाईंले यो प्राप्त गर्दा १४ दिन बिति सकेको थियो भने तपाईंले यो स्वीकार गर्नुपर्छ। **यसको प्रतिक्रया दिनु तपाईंको जिम्मेवारी हो।**

स्कूलले तपाईंको मंजूरी मागेको कुरालाई तपाईंले चार तरिकाले प्रतिक्रया जनाउन सक्नुहुन्छ। तपाईंले चुन्नुभएको प्रत्येक प्रतिक्रयाहरुको नतीजाहरु यस प्रकार हुनसक्छन:

१. तपाईंले मञ्जुरी दिनु भयो भने, प्रस्तावित परिवर्तनहरु लागू हुनेछन।
२. यदि तपाईंले यो मञ्जुरी इन्कार गर्नुभयो भने, स्कुल विभागले प्रस्तावित परिवर्तनहरु लागू गर्न सक्दैन। तपाईंको मंजूरी प्राप्त गर्न कोशिस गर्न स्कूल विभाग संग केहि विकल्पहरु छन:

क. तपाईको समस्याहरु छलफल गर्न स्कूल विभागले अर्को IEP टोली बैठक राख्न सक्छ;
ख. स्कुल विभागले तपाईंलाई स्वैच्छिक वैकल्पिक विवाद समाधान प्रक्रियामा सहभागी हुन आग्रह गर्न सक्छ, जस भित्र सहमतिमा पुग्नको लागि चिन्तन तथा तटस्थ सभा जस्ता कुरा हुन्छन।
ग. स्कूल बिभागलाई एउटा बाँकी रहेको सुनवाईको प्रक्रियाको अनुरोध गर्न एउटा विशेष प्रस्ताव राख्न आवश्यक हुन्छ।
   १. तपाईंले मञ्जुरी इन्कार गर्नु भएको खण्डमा वा प्रतिक्रिया जनाउन चुक्नु भएको अवस्थामा स्कूल बिभागले यसको मञ्जुरी अधिलेखन प्रणाली प्रयोग गर्नेछैन:
      - विशेष शिक्षा र पहिलो पटक सम्बंधित सेवाहरु उपलब्ध गराउन मंजूरीको एउटा अनुरोध गर्न;
      - यदि तपाईंले आफ्नै खर्चमा तपाईंको बच्चालाई एउटा निजी स्कूलमा भर्ना गराउनु भएको छ भने
      - यदि तपाईंले RSA-193-A अंतर्गत तपाईंको बच्चालाई होम स्कूल (गृह स्कुल) पढाउदै हुनुहुन्छ भने। असक्षमता भएका होम-स्कुल विधार्थीहरुले, स्कुल विभागले असक्षमता भएका सार्वजनिक विद्धालयका विद्यार्थीहरूलाई प्रदान गर्ने शुल्क र उचित सार्वजनिक शिक्षाको अधिकार प्राप्त गर्न सक्दैनन।

**नोट**:यदि तपाईंले पहिलो पल्ट आफ्नो बच्चाको निम्ति विशेष शिक्षा र सम्बंधित सेवाहरु प्राप्त गर्न इन्कार गर्नुभयो भने स्कूल विभागले प्रदान गराउनु पर्ने निशुल्क उचित सार्वजनिक शिक्षा (FAPE) तपाईंको बच्चालाई प्रदान गराउन बाध्य हुँदैन र तपाईंको बच्चालाई ति सेवाहरुको निम्ति IEP बैठक गर्न वा IEP विकास गर्न बाध्य छैन।

३. ED 1120.03 अन्तर्गत यस सूचना सँगै सम्मिलित कागजातहरुमा हस्ताक्षर गरेर पठाई सके पछि असक्षमता भएका बालबालिकाहरुका अभिभावकहरु संग आफ्नो मंजूरी जनाउन, वा मंजूरी इन्कार गर्न, वा आंशिक मंजूरी जनाउनको निम्ति १४ दिन पाउनु हुनेछ।
   क. LEA ले अभिभावकहरुको आंशिक मञ्जुरी प्राप्त गरे पछि निम्न कुराहरु गर्नसक्छ:
      I. एउटा IEP टीम मीटिंगको लागि पारस्परिक रुपमा सहमत हुने समय र मिती तय गर्न सक्छ;
      II. अभिभावकले अनुरोध गरेको खण्डमा, ED 1109.06(b) बमोजिम IEP टीमलाई IEP मा अनुरोध गरिएको अनुसारको परिवर्तन र/वा थप गर्न भेला बोलाउन सक्छ, तल (3) मा भनिएको अवस्थामा बाहेक; र
      III. यदि अनुरोध गरिएको परिवर्तनहरु र/वा IEP मा थप गर्ने कुराहरु अघिल्लो IEP टीम मीटिंगमा नै समयबोधन गरिसकिएको कुरा निर्धारण यसले गर्यो भने यसले IEP मीटिंग बोलाउन इन्कार गर्नसक्छ। त्यसको घटनामा, LEA ले ED 1109.06(b)(3) बमोजिम एउटा लिखित पूर्व सूचना जारी गर्नेछ, जसले LEA ले किन बैठक बोलाउन इन्कार गरेको हो सो को व्याख्या गर्न।
   ख. यदि अभिभावकले एक वा एकभन्दा बढ़ी प्रस्तावित सेवाहरु वा क्रियाकलापहरुमा मंजूरी दिन इन्कार गर्यो भने, र/वा प्रारम्भिक प्रस्तावमा सेवाहरु वा क्रियाकलापहरुमा परिवर्तन अनुरोध गर्यो भने, अभिभावकहरुले इन्कार गरेका वा अनुरोध गएका कुराहरुको, लिखितमा विवरण खुलाउनु पर्नेछ।
४. पारस्परिक रुपमा भएको समयावधि बढाउने सहमति भित्र वा १४ दिन भित्र यदि तपाईंले सूचित गर्न सक्नुभएन भने स्कूल विभागले तपाईंको मंजूरी प्राप्त गर्न उचित उपायहरु गरिसकेको कुरा प्रस्तुत गर्न सक्छ र निम्न कुराहरु स्कुल विभागले कार्यान्वयन गर्नसक्छ:
   क प्रारम्भिक मूल्याङ्कन सञ्चालन; स्कुलले वैकल्पिक विवाद समाधान (पेज १३-१४ र १८-२१) प्रक्रियाको प्रयोग गर्न सक्छ, वा सुनवाईको बाँकी प्रक्रियाको मांग गर्न सक्छ।
   ख. IEP को वार्षिक समीक्षा र असक्षमता भएको बच्चाको भर्ना, साथै:
      I. असक्षमताको वर्गीकरण निर्धारण गर्ने वा परिवर्तन गर्ने
      II. विशेष शिक्षा वा विशेष शिक्षा र सम्बंधित सेवाहरुको प्रकृति वा दायरा परिवर्तन गर्ने; र
      III. पुनः मूल्यांकन सञ्चालन गर्ने
         - स्कुल विभागले आफ्नो प्रस्ताव लागू गर्नेछ
      IV. प्रत्येक पल्ट पब्लिक निकायले निजी बीमा प्राप्त गर्न प्रस्ताव गर्दा
         - स्कूल विभागले थप कार्यहरु बढाउने नसक्छ

ख. इन्कार भनेको स्कुल बिभाग प्रस्तावलाई पूर्ण वा आंशिक मंजूरी नदिनु हो साथै **सबै विशेष शिक्षालाई** रद्द गर्नु जस्तै होइन।

५. **रद्द: यदि अभिभावकले सबै विशेष शिक्षाको** मंजूरीलाई, लिखितमा, रद्द गर्छ भने स्कुल विभागले निम्न कुराहरु गर्नु पर्छ:

क. स्कुल बिभागले बन्द गर्न गइरहेका सम्पूर्ण शैक्षिक सेवा हरुको विषयमा एउटा पूर्व लिखित सूचना उपलब्ध गराउनै पर्छ।

ख. सम्पूर्ण **विशेष शैक्षिक** सेवाहरु बन्द गर्नै पर्छ।

ग. सहमति प्राप्त गर्नको निम्ति मध्यस्थता वा बाँकी प्रक्रिया प्रणालीको प्रयोग गर्नु हुँदैन।

घ. FAPE उपलब्ध गराउनु पर्ने आवश्यकतालाई नियम उल्लंघन मानिने छैन।

ङ. IEP मिटिंग बोलाउन आवश्यक छैन। जब तपाईं लिखितमा मंजूरी रद्द गर्नुहुन्छ, तब स्कुल विभाग सम्पूर्ण **विशेष शैक्षिक** सेवाहरु प्रदान गर्न बात बर्जित हुन्छ।

च. सार्वजनिक विमा पहुँच गर्न मंजूरी फिर्ता लिने विषयमा कृपया परिशिष्ट A सम्बोधन गर्नुहोस।

# पूर्व लिखित सूचना

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यू ह्याम्पशायरको नियमहरु ~Ed1120.03**

परिवर्तनका लागि सिफारिस गरेपछि कुनै पनि वास्तविक परिवर्तन गर्नुभन्दा अगाडि तपाईलाई लिखित रुपमा "पूर्व लिखित सूचना"दिनुपर्ने हुन्छ । पूर्व लिखित सूचना (WPN) मा समावेश भएका जानकारीहरु IEP टोलीको महत्वपूर्ण **<u>के</u>** र **<u>किन</u>** जस्ता परिवर्तनका सिफारिशहरु छन् । यदि तपाईले आफ्नो बच्चाको कार्यक्रममा परिवर्तको निम्ति अनुरोध गर्नुभएको छ तर IEP टोलीको निर्णय चाँहि परिवर्तनलाई अस्वीकार गर्ने भयो भने अस्वीकारका कारणहरु व्याख्या गर्न तपाईलाई WPN दिनुपर्छ

तपाईको स्कुल विभागले तपाईलाई WPN दिनुपर्छ, जब यसलेः

- तपाईको बच्चाको योग्यता/पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान अथवा बिशेष शिक्षा र सम्बन्धित सेवाहरु (निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) शुरु गर्ने वा परिवर्तन गर्ने प्रस्ताव गर्छ; **<u>वा</u>**
- बच्चाको योग्यता/पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान वा FAPE को प्रावधानलाई संचालन गर्न वा परिवर्तन गर्नको लागि अस्वीकार गर्छ ।

WPN ले IEP टोलीले के परिवर्तनहरुका प्रस्ताव गरिरहेको छ र यो परिवर्तन किन प्रस्ताव गरिरहेको छ भन्ने बारेमा स्पष्ट बताउँछ । IEP टोलीले सिफारिस गरिएका परिवर्तनहरु प्रस्ताव गर्नुभन्दा १४ पात्रो दिन अगाडि तपाईलाई लिखित रुपमा सूचना दिनुपदर्छ ।

पूर्व लिखित सूचन (WPN) ले:

- तपाईको स्कुल विभागले प्रस्ताव गर्न वा अस्वीकार गर्न चाल्ने कदमको व्याख्या गर्नुपर्छ;
- तपाईंको स्कूल विभागले कदम चाल्नको लागि किन प्रस्ताव गरिरहेको वा अस्वीकार गरिहेको छ भनी व्याख्या गर्नुपर्छ;
- तपाईको स्कुलले कार्यको प्रस्ताव वा अस्वीकारको निर्णय लिन प्रयोग गरेको प्रत्येक मूल्याङ्कन प्रक्रिया, आंकलन, रेकर्ड वा प्रतिवेदनको व्याख्या गर्नुपर्छ;
- तपाईलाई प्रक्रियात्मक सुरक्षा प्रावधान IDEA 2004 अनुसारले सुरक्षा प्राप्त गर्नुभएको छ भन्ने भनाईलाई समावेश गर्नुपर्छ;
- तपाईको स्कुल विभागले प्रस्ताव गरिरहेको वा अस्वीकार गरिहरेको कार्य मूल्याङ्कनको लागि प्रारम्भिक सिफारिस भएन भने तपाईले प्रक्रियात्मक सुरक्षाहरुको व्याख्या कसरी प्राप्त गर्नसक्नुहुन्छ तपाईलाई भन्नुपर्छ;
- तपाईलाई IDEA 2004 बुझ्न सहयोगको लागि सम्पर्क गर्ने स्रोतहरु समावेश गर्नुपर्छ;
- तपाईको बच्चाको वैयक्तिक शिक्षा कार्यक्रम (IEP) टोलीले विचार गर्ने अन्य रोजाइहरु र ती रोजाइहरु अस्वीकार गरिनुका कारणहरु व्याख्या गर्नुपर्छ; **<u>र</u>**
- तपाईको स्कुल विभागले कार्य अघि बढाउन प्रस्ताव गरेको वा इन्कार गरेको अन्य कारणहरुको व्याख्या प्रदान गर्नुपर्छ ।

WPN साधारण जनताले बुझ्ने भाषामा लेखिनु पर्छ; अर्थात सजिलोसँग बुझ्न र पढ्न सकिने । WPN मातृभाषामा वा अभिभावकले (स्पष्ट रुपमा सम्भव नभएसम्म) प्रयोग गर्ने अन्य सञ्चारको माध्यमहरु (जस्तै साङ्केतिक भाषा) उपलब्ध गराउनुपर्दछ ।

यदि अभिभावकको मातृभाषा वा अन्य सञ्चारको माध्यम लिखित भाषामा छैन भने, स्कुल विभागले त्यस सूचनालाई मौखिक अनुवाद गरेको वा अन्य सञ्चारको माध्यम पक्का रुपमा प्रयोग गरको हुनुपर्दछ ताकि अभिभावकले सूचनाको विषयबस्तुलाई बुझेका हुन् र दुवै अनुवादमा लिखित प्रमाण भएको होस् ।

# स्वतन्त्र शैक्षिक मूल्याङ्कनहरु

**असक्षमता भएका बालबालिकाहरुका शिक्षाका लागि न्यू ह्याम्पशायर नियमहरु ~Ed 1107.03, 1120.07**

असक्षमता भएको बच्चा (वा विशेष शिक्षा प्रबन्धको लागि मूल्याङ्कन गरिएको बच्चा) को अभिभावक भएको नाताले तपाईसँग आफ्नो बच्चाको स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्राप्त गर्ने अधिकार हुन्छ ।

**स्वतन्त्र शैक्षिक मूल्याङ्कन** भनेको स्कुल विभागद्वारा नियुक्त नगरिएको र मूल्याङ्कन गर्न योग्य व्यक्तिद्वारा संचालित मूल्याङ्कन हो ।

यदि तपाई स्कुल विभागको मूल्याङकनसँग असहमत हुनुभयो भने स्कुल विभागले सार्वजनिक खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कन उपलब्ध गराउन सक्छ । (औपचारिक शब्द "सार्वजनिक खर्चमा" को अर्थ स्कुल विभागले मूल्याङ्कनको पूरा खर्च तिर्छ या मूल्याङ्कन निःशुल्क रुपमा अभिभावकलाई प्रदान गरिन्छ भनी सुनिश्चित गर्छ) । स्कुल विभागले प्रत्येक पटक मूल्याङ्कनको आयोजना गर्दा, जुनसँग तपाई असहमत हुनुहुन्छ, सार्वजनिक खर्चमा तपाई केवल एउटा मात्र स्वतन्त्र शैक्षिक मूल्याङ्कनको लागि हकदार हुनुहुन्छ । यदि तपाईले स्वतन्त्र शैक्षिक मूल्याङ्कनको लागि अनुरोध गर्नुभयो भने, स्कूल विभागले तपाईलाई स्कुल विभागको मूल्याङ्कन प्रती आपत्ती जनाउनुको कारणबारे सोध्न सक्छ । तरपनि, तपाईंले व्याख्या गर्न आवश्यक छैन र यसले स्वतन्त्र मूल्याङ्कनको लागि भुक्तानीको बारेमा स्कुलको निर्णयमा कुनै पनि ढिलाइ हुँदैन ।

यदि तपाईले सार्वजनिक खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कनको लागि अनुरोध गर्नुभयो भने, स्कुल विभागले अनावश्यक ढिलाई नगरिकन या:

- सार्वजनिक खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्रदान गर्न सहमति जनाउनुपर्छ; या
- स्कूल विभागको मूल्याङकन उपयुक्त छ भनि देखाउन सुनुवाईको बाँकी प्रक्रियालाई शुरु गर्नुपर्छ ।

यदि तपाईले स्वतन्त्र शैक्षिक मूल्याङ्कनको लागि अनुरोध गर्नुभयो भने स्कुल विभागले तपाईलाई निम्न कुराहरुको बारेमा जानकारी गराउनुपर्छ:

- स्वतन्त्र शैक्षिक मूल्याङ्कन कहाँ प्राप्त गर्न सकिन्छ भनेर; र
- स्वतन्त्र शैक्षिक मूल्याङ्कनको लागि स्कुल विभागको लागूहुने मापदण्ड जसमा निम्न कुराहरु समावेश छन्
  क) मूल्याङ्कनको स्थान; र
  ख) परीक्षकको योग्यताहरु (मूल्याङ्कन गर्ने व्यक्ति)

*स्कुल विभागले प्रयोग स्कुल विभागको मूल्याङ्कन संचालन गर्दा प्रयोग गरेका मापदण्ड जस्तै हुनुपर्दछ । स्कुल विभागका स्थान र परीक्षकको योग्यताहरु बाहेक स्वतन्त्र शैक्षिक मूल्याङकन प्राप्त गर्ने आमाबुवासँग सम्बन्धित अन्य कुनै प्रतिबन्धहरु, अवस्थाहरु वा समयरेखाहरु हुनसक्ने छैन । यी प्रतिबन्धहरु अभिभावकसँग स्वतन्त्र मूल्याङ्कनकर्तालाई रोज्नै नमिल्ने गरि प्रतिबन्ध गरिएको हुनेछैन ।*

तपाईसँग आफ्नै खर्चमा स्वतन्त्र शैक्षिक मूल्याङ्कन प्राप्त गर्ने अधिकार सँधै रहन्छ । तपाईले अभिभावक-कोषबाट गर्नुभएको स्वतन्त्र मूल्याङ्कन IEP टोलीलाई प्रदान गरेर तपाईको बच्चाको शैक्षिक आवश्यकताको निर्धारण गर्ने कार्यमा मद्दत पुर्याउने अधिकार पनि तपाईसँग छ । तपाईको अभिभावक-कोषबाट गराउनुभएको मूल्याङ्कनलाई IEP टोलीसँग बाँड्नै पर्ने भन्ने अनिवार्य गरिएको छैन । तरपनि स्कुल विभागले सुनुवाईको बाँकी प्रक्रियायाको भागको रुपमा अनुसन्धानको प्रक्रियाद्वारा

अभिभावक-कोषबाट भएको मूल्याङ्कनको नतिजा थाहा पाउन सक्छ । मूल्याङनको लागि जसले तिरेको भएपनि, तपाईको बच्चाको लागि निःशुल्क उपयुक्त शिक्षाको प्रावधानको बारेमा कुनै पनि निर्णयहरुमा मूल्याङ्कनले स्कूल विभागको मापदण्ड (माथि व्याख्या गरिएको) लाई मेल खायो भने, IEP टोलीले कुनै स्वतन्त्र शैक्षिक मूल्याङ्कनको परिणामहरुलाई ध्यानमा राख्नुपर्नेछ । कुनै पनि स्वतन्त्र शैक्षिक मूल्याङ्कनका परिणामहरु सुनुवाईको बाँकी प्रक्रियामा प्रमाणको रुपमा पनि प्रस्तुत हुनसक्छ ।

सुनुवाई अधिकारीले सुनुवाईको भागको रुपमा स्वतन्त्र शैक्षिक मूल्याङ्कनको अनुरोध गरेमा, स्कूल विभागले मूल्याङ्कनको लागि भुक्तानी गर्नुपर्छ ।

सुनुवाई अधिकारीले स्कुल विभागको मूल्याङ्कनहरु उपयुक्त थिए भनी निर्णय गरेमा, स्कुल विभागले स्वतन्त्र शैक्षिक मूल्याङ्कको लागि भुक्तानी गर्नु आवश्यक हुँदैन वा तपाईलाई फिर्ता दिनुपर्नेछैन ।

## शैक्षिक प्रतिनिधि आमाबुवाहरु

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यू ह्याम्पशायर नियमहरु ~ Ed 1115**

**यदि असक्षमता भएको बच्चालाई विशेष शिक्षाको जरुरत परेको छ र उसको आमाबुवा वा अभिभावकहरु अज्ञात छन् वा तोकिएको अभिभावक फेला पार्नको लागि उचित प्रयत्नहरु गरिसकेपछि पनि तिनीहरुलाई पत्ता लगाउन सकिँदैन वा बच्चा बालबालिका, युवा तथा परिवारहरुको विभागको कानूनी संरक्षणमा छ भने कमिश्नर वा अधिकारीले प्रतिनिधि अभिभावक नियुक्त गर्न सक्छन् जसले बच्चालाई शैक्षिक निर्णय गर्ने प्रक्रियामा प्रतिनिधित्व गराउनेछ ।**

## जानकारीको गोपनीयता

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यू ह्याम्पशायर नियमहरु ~ Ed 1119.01**

स्कुल विभागमा आफ्नो जिम्मेवारी रहेको बालबालिकाहरुको शिक्षाको धेरै प्रकारका रेकर्डहरु छन् राखिएका हुन्छन् । **शैक्षिक रेकर्डहरु** त्यस्तो रेकर्ड हो जुन 34 CFR भाग 99 मा भएको “शैक्षिक रेकर्डहरु” को परिभाषामा आधारित छ (1974, 20 U.S.C. 1232g को परिवार शैक्षिक अधिकार र गोपनीयता ऐन लागू गर्ने नियमहरु (FERPA) । यसमा प्रतिवेदन कार्डहरु, प्रगति प्रतिवेदनहरु, उपस्थिती र स्वास्थ्य रेकर्डहरु, भिडियोटेपहरु, अनुशासन प्रतिवेदनहरु र कागजातहरुके विद्युतीय प्रतिलिपिहरुलाई समावेश गर्न सक्छ ।

**“व्यक्तिगत पहिचान”** को जानकारी समावेश भएको शैक्षिक रेकर्डहरुलाई सुरक्षित गरिनुपर्छ ।
व्यक्तिगत पहिचानको जानकारी भन्नाले जसमा:

- तपाईंको बच्चाको नाम, आमाबुवाको रुपमा तपाईको नाम वा अर्को परिवार सदस्यको नाम छ;
- तपाईंको बच्चाको ठेगाना छ;
- व्यक्तिलाई पहिचान गराउने, जस्तै तपाईको बच्चाको सामाजि सुरक्षा नम्बर वा विद्यार्थी नम्बर छ; र
- व्यक्तिगत विशेषताहरुको सूची, वा अन्य जानकारीहरु जसले तपाईको बच्चालाई निश्चयताको साथमा पहिचान गर्न सम्भव गराउँछ ।

**अभिभावकहरुलाई सूचना** NH शिक्षा विभाग वा अन्य राज्यको निकायहरुले पनि स्कुलको केही रेकर्डहरु प्राप्त गर्न, मिलाउन वा प्रयोग गर्न सक्छन् । यी निकायहरुले उनीहरुसँग बच्चाको बारेमा भएको कुनै व्यक्तिगत पहिचानको जानकारीको गोपनीयतालई सुरक्षित गर्न चाहिने कुराहरुलाई पालना गर्नु पर्छ । *(थप जानकारीको लागि पृष्ठ 34 CFR 300.612 हेर्नुहोस्)* ।

**अधिकारको पहुँच** स्कुल विभाग र अन्य निकायहरु जसले जानकारीहरु सङ्कलन, व्यवस्थापन वा व्यक्तिगत पहिचानको शैक्षिक रेकर्ड प्रयोग गर्दछन् तिनीहरुले व्यक्तिगत जानकारीहरुलाई गोपनियताको रुपमा व्यवहार गर्नुपर्छ र तपाईलाई आफ्नो बच्चाको रेकर्ड निरीक्षण /वा समीक्षा गर्ने अधिकारको पहुँच प्रदान गर्नुपर्छ । स्कुल विभागले पहुँचको लागि अनुरोध प्राप्त गरेपछि

र *IEP* सँग सम्बन्धित कुनै बैठक वा कुनै बाँकी रहेको सुनुवाई प्रक्रिया *(*निर्णय गर्ने बैठक वा अनुशासनको सुनुवाई समेत*)* भन्दा अगाडि १४ दिनभित्र तपाईको निरीक्षण वा आफ्नो बच्चाको कुनै शैक्षिक रेकर्डहरुको समीक्षा गर्ने अनुरोधलाई स्वीकार गर्नुपर्छ ।

**<u>पहुँचको रेकर्ड</u>** स्कुल विभागले तपाई र स्कूल विभागको आधिकारिक कर्मचारीहरुको पहुँच बाहेक त्यसको रेकर्ड राख्नुपर्दछ जसले सङ्कलन भएका रेकर्डहरुमा पहुँच गर्न, व्यवस्थापन गर्न IDEA 2004 अन्तर्गत प्रयोग गर्न सक्छन् । पहुँचको रेकर्डमा त्यस पक्षको नाम, पहुँच प्रदान गरिएको मिति र उसलाई रेकर्ड प्रयोग गर्न अधिकार दिनुको उद्धेश्य समावेश हुनुपर्दछ ।

**<u>एक भन्दा बढी बच्चाको रेकर्ड</u>** यदि कुनै पनि शैक्षिक रेकर्डले एकभन्दा बढी बच्चाको जानकारी समावेश गर्छ भने, तपाईसँग आफ्नो बच्चा सम्बन्धी जानकारी मात्र निरीक्षण तथा समीक्षा गर्ने वा त्यस विशेष जानकारी बारेमा सूचना लिने अधिकार हुन्छ ।

**<u>जानकारीको स्थानको</u>** प्रकारहरुको सूची स्कुल विभागले तपाईको अनुरोधमा तिनीहरुले संकलन, व्यवस्थापन र प्रयोग गरेका शैक्षिक अभिलेखका स्थानहरुको सूची प्रदान गर्नुपर्दछ ।

**शिक्षा रेकर्डको निरीक्षण र समीक्षागर्ने तपाईको अधिकारमा निम्न कुराहरु पर्दछन् :**

- तपाईले बच्चाको रेकर्डहरुको जानकारीको स्पष्टीकरण र व्याख्याको निम्ति गर्नुभएको तपाईको उचित अनुरोधको जवाफ स्कुल विभागबाट प्राप्त गर्ने अधिकार तपाईलाई छ ।
- यदि परिस्थितिले प्रभावकारी रुपमा तपाईलाई बच्चाको रेकर्डहरु निरीक्षण र समीक्षा गर्न बन्देज गर्दछ भने, तपाईले त्यसको प्रतिलिपिहरु प्राप्त नगरेसम्म स्कुल विभागलाई तपाईको बच्चाको रेकर्डको प्रतिलिपि प्रदान गर्न अनुरोध गर्ने अधिकार तपाईमा छ; र
- रेकर्डलाई प्रतिनिधिद्वारा निरीक्षण र समीक्षा गराउने अधिकार तपाईमा छ ।

स्कुल विभागले अभिभावकलाई आफ्नो बच्चाको रेकर्डहरु निरीक्षण गर्ने र समीक्षा गर्ने अधिकार छ भनी मान्दछ जबसम्म अभिभावकहरुलाई राज्यको कानून व्यवस्थाद्वारा अभिभावकत्व, छुट्टीएका वा छोडपत्र भएको आधारमा अधिकार छैन भनि सिफारिस आउँदैन ।

**<u>शुल्कहरु</u>** यदि शुल्कले तपाईलाई प्रभावकारी रुपमा निरीक्षण गर्ने तपाईको अधिकारलाई रोक्दैन भने, स्कुल विभागले तपाईको लागि बनाएको अभिलेखको प्रतिहरुका लागि शुल्क लिन सक्छ । स्कुल विभागले IDEA 2004 अन्तर्गत रेकर्ड खोज्ने वा प्राप्त गर्ने कुरामा शुल्क लिनेछैन ।

**<u>अभिभावकको अनुरोध र रेकर्डहरुको संशोधन</u>** यदि तपाईको बच्चाको शिक्षा रेकर्ड IDEA 2004 को भाग B अन्तर्गग जम्मा, व्यवस्थापन वा प्रयोग भएको जानकारीहरु गलत, भड्काउने वा गोपनीयता वा बच्चाको अन्य अधिकारलाई उल्लङ्घन भएको तपाईलाई लागेमा तपाईले स्कुल विभागलाई जानकरी संशोधन गर्न अनुरोध गर्न सक्नुहुन्छ । स्कुल विभागले तपाईकाले अनुरोधको आधारमा जानकारी परिवर्तन गर्ने या नगर्ने निर्णय गर्नुपर्छ, तर तपाईको अनुरोध प्राप्त भएको उचित समयभित्र उनीहरुले आफ्नो निर्णयको जानकारी दिनुपर्दछ ।

**<u>सुनुवाईको लागि मौका</u>** यदि स्कुल विभागले तपाईको अनुरोधको आधारमा जानकारी परिवर्तन गर्न अस्वीकार गर्यो भने, उसले तपाईलाई अस्वीकारको बारेमा जानकारी गराउनुपर्छ र उपयुक्त समयभित्र यस उद्देश्यको लागि सुनुवाईको अधिकारको बारेमा सुझाव दिनुपर्छ ।

**<u>सुनुवाईको प्रक्रियाहरु</u>** सुनुवाई संचालन गर्ने व्यक्ति त्यो हुनुपर्दछ जसको त्यस सुनुवाईको नतिजासँग कुनै प्रत्यक्ष चासो हुँदैन । तपाईसँग सुनुवाईको सूचना दिने, मुद्दाहरुको सान्दर्भिक प्रमाण प्रस्तुत गर्ने र वकिल सहित एक वा एकभन्दा बढी प्रतिनिधि र सहायता प्राप्त गर्ने अधिकार हुन्छ । सुनुवाईको निर्णय उचित समयमा र प्रदान गरिएको प्रमाणहरुको आधारमा गरिनुपर्दछ । निर्णयमा प्रमाणको सारांश र निर्णय दिनुको कारण समावेश गरिएको हुनुपर्छ । यदि, सुनुवाईको परिणाम स्वरुप, स्कूल विभागले जानकारी गलत छ, भड्काउने वा बच्चाको गोपनीयता वा अन्य अधिकार उल्लङ्घन गर्ने खालको छ भन्ने कुराको निर्णय गर्छ भने, उसले यस सूचनाको संशोधन गरेर तपाईलाई लिखित रुपमा सूचना गर्नुपर्छ ।

**<u>सुनुवाईको नतिजा</u>** यदि सुनुवाईको नतिजा स्वरुप, स्कुल विभागले जानकारी गलत, बहकाउने वा गोपनीयता भंग गर्ने वा बच्चाको अन्य अधिकारलाई उल्लङ्घन गर्ने खालको भएको भन्ने निर्णय गर्यो भने यसले तपाईको अधिकार बमोजिम तपाईलाई स्कुल विभागको निर्णयमा असहमत हुनुको कारणबारे तपाईको भनाई राख्न र बच्चाको रेकर्डमा कुन स्थानमा कुन सूचनामा

तपाईलाई चित्त नबुझेको हो सो कुरा औँल्याउन भनि तपाईलाई सूचना दिन्छ । जबसम्म रेकर्ड (अथवा विवादित भाग) स्कुल विभागले सम्हाल्छ त्यो भनाई पनि बच्चाको रेकर्डको रुपमा नै समावेश गरिराख्नुपर्दछ । यदि स्कुल विभागले कुनै समूहसँग अभिलेख (अथवा विवादित भाग) को खुलासा गर्यो भने त्यसको स्पष्टीकारणको पनि खुलासा गर्नुपर्दछ ।

**<u>व्यक्तिगत पहिचानको जानकारी प्रकट गर्ने सहमति</u>** जानकारी शैक्षिक अभिलेखमा नरहेसम्म र अभिभावकको सहमति बिना FERPA अन्तर्गत प्रकटीकरणको अधिकार, व्यक्तिगत रुपमा पहिचान हुन सक्ने जानकारीहरुको प्रकटीकरण, व्यक्तिगत पहिचान हुन सक्ने जानकारीहरुको प्रकटीकरण सहभागी एजेन्जीहरुको अधिकारी भन्दा अन्य निकायमा गर्नु अगाडि तपाईको सहमति प्राप्त गरिनुपर्छ । तर दिएका विशेष अवस्थाहरुबाहेक, IDEA 2004 को आवश्यकतालाई पूरा गर्ने उद्देश्यहरुको लागि सहभागी निकायहरुको अधिकारीहरुलाई व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी उपलब्ध गराउन अघि तपाईको सहमतिको आवश्यकता पर्दैन ।

परागमन सेवाहरको लागि प्रदान गर्ने वा भुक्तानी गर्ने सहभागी निकायहरुको अधिकारीहरुलाई व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी उपलब्ध गर्नुभन्दा अगाडि तपाईको वा १८ वर्ष पुगेको बच्चाको सहमति प्राप्त गर्नुपर्छ ।

यदि तपाईको बच्चा निजी स्कुलमा छ वा जान लागिरहेको छ जुन तपाई बसेको स्कुल क्षेत्रमा पर्दैन भने, निजी स्कुल भएको र तपाई बसेको स्कुल विभागका अधिकारीहरुलाई तपाईको बच्चाको व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी उपलब्ध गर्नुभन्दा अगाडि तपाईको सहमति प्राप्त गरको हुनुपर्दछ ।

**<u>जानकारीको सुरक्षा</u>** तापाईको स्कुल विभागले व्यक्तिगत पहिचानका जानकारीहरुको संग्रह, भण्डारण, प्रकटीकरण, र विनाशका चरणहरुमा यसको गोपनीयताको रक्षा गर्नुपर्छ । प्रत्येक स्कुल विभागमा एक कर्मचारीले कुनै पनि व्यक्तिगत रुपमा पहिचान हुनसक्ने जानकारीको गोपनीयता सुनिश्चित गर्नका लागि जिम्मेवार हुनुपर्छ । व्यक्तिगत रुपमा पहिचान हुने जानकारीको सङ्कलन वा प्रयोग गर्ने सबै व्यक्तिहरुले IDEA 2004 र FERPA अन्तर्गत गोपनीयताका सन्दर्भमा राज्य नीति र प्रक्रियाहरुका सन्दर्भमा तालिम र निर्देशन प्राप्त गर्नुपर्छ । प्रत्येक स्कुल विभागले सार्वजनिक निरीक्षणका लागि, व्यक्तिगत पहिचानको जानकारीमा पहुँच भएका कर्मचारीहरुको नाम र पदको हालसालैको सुची बनाइराख्नु पर्दछ ।

**<u>जानकारीको नाश</u>** तपाईको स्कुल विभागले संकलन, व्यवस्थापन वा प्रयोग गरेको व्यक्तिगत पहिचानको जानकारी अब उपरान्त तपाईको बच्चालाई शैक्षिक सेवाहरु प्रदान गर्न आवश्यक नपर्ने भयो भने तपाईको स्कुल विभागले तपाईलाई जानकारी गराउनुपर्छ । तपाईको अनुरोधमा सूचना नाश गरिएको हुनुपर्दछ । **नाश** भन्नाले भौतिक विनाश वा सुचनाबाट व्यक्तिगत पहिचान दिने तत्वलाई हटाउनु हो जसका कारण त्यो सुचना अब उपरान्त व्यक्तिगत पहिचान दिन नसक्ने हुन्छ । तरपनि स्कुल विभागले विद्यार्थीको नाम, ठेगाना, र फोन नम्बर, ग्रेड, हाजिरी रेकर्ड, उपस्थित कक्षाहरु, पूरा भएको स्तरको ग्रेड र पूरा भएको वर्षको एक स्थायी अभिलेख राख्नुपर्छ ।

स्कुल विभागले अभिभावकको वा परिपक्क विद्यार्थीको पूर्व लिखित सहमति बाहेकको अवस्थामा, विद्यार्थीको २५औँ जन्मदिन अगाडि उसको विशेष शिक्षा रेकर्डहरु नाश गर्नेछैन । स्कुल विभागले क्ष्भ्ए को एउटा प्रतिलिपि राख्नुपर्दछ जुन विद्यार्थीको विशेष शिक्षाबाट बाहिरीएको दिन देखि लागू भएर उसको ६० औँ जन्मदिनसम्म रहन्छ । स्कुल विभागले अभिभावक वा परिपक्क विद्यार्थीलाई स्नातक वा नियमित उच्च विद्यालय उपाधि पश्चात वा अधिकारको हस्तान्तरण वा जे पहिले हुन्छ, त्यस समयमा कागजात नाश गर्ने नीतिहरुको सम्बन्धमा एक लिखित सूचना प्रदान गर्नेछ । स्कूल विभागले कम्तीमा पनि बार्षिक रुपमा कागजात नाश गर्ने नीतिका सम्बन्धमा सार्वजनिक सूचना प्रदान गर्नेछ ।

**<u>अधिकारको हस्तान्तरण</u>** FERPA को नियमहरु अन्तर्गत 34 CFR 99.5(a), मा शिक्षा रेकर्डका सन्दर्भमा आमाबुवाको अधिकार विद्यार्थीलाई १८ वर्षको उमेरमा हस्तान्तरण गरिन्छ ।

# विशेष शिक्षा उजुरीहरु

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यू ह्याम्पशायर नियमहरु ~ Ed 1121**

अभिभावकले आफ्ना नानीहरुको विषयमा गर्ने निर्णयहरु उनीहरुको अधिकार र सुरक्षाको प्रव्रिmयाको ज्ञान र समझमा आधारित हुनुपर्छ । यसको लागि अभिभावक र उनीहरुको स्कुल विभाग बीचमा खुला सञ्चार र भरोसा हुनु आवश्यक हुन्छ । यदि समस्या उत्पन्न भयो भने, उजुरी प्रव्रिmया एउटा तरिका हो जसबाट अभिभावक वा अरु कोहीले स्कुल विभागसँग भएको समस्यालाई समाधान गर्न सक्छ ।

विशेष शिक्षा उजुरी दर्ता गर्ने प्रक्रियामा निम्न कुराहरु **समावेश हुनैपर्छ**:

१. स्कुल विभागले IDEA 2004 को आवश्यकताहरु उल्लङ्घन गरेको कुराको बयान;

२. तथ्य जसमा बयान आधारित छ;

३. उजुरी दर्ता गर्ने व्यक्तिको लागि हस्ताक्षर र जानकारी; र

४. यदि कुनै तोकिएको बच्चाको विषयमा उल्लङ्घन सम्बन्धी आरोप भएमा:

- क. बच्चाको नाम र वासस्थानको ठेगाना;
- ख. बच्चा जाँदैगरेको स्कुलको नाम;
- ग. बेघर बच्चा वा युवाको सम्बन्धमा, बच्चाको लागि उपलब्ध सम्पर्क जानकारी, र त्यो बच्चा जाँदै गरेको स्कुलको नाम;
- घ. समस्याको सम्बन्धमा तथ्य सहित बच्चाको समस्याको प्रकृतिको विस्तृत विवरण; **र**
- ङ. उजुरीको दर्ता भएको समयमा, समूहलाई थाहा र उपलब्ध भएसम्म समस्याको प्रतावित संकल्प

उजुरी गर्नेले उल्लङ्घनको आरोप लगाउँदा उजुरी दायर भएको समयभन्दा धेरैमा एक वर्ष भित्र नै उल्लङ्घनको कार्य भएको हुनुपर्ने छ ।

उजुरीहरुलाई यहाँ पठाइन्छ: New Hampshire Department of Education
101 Pleasant Street
Concord, New Hampshire 03301

उजुरी दायर गर्ने व्यक्तिले *न्यु ह्याम्पशायर शिक्षा विभाग समक्ष उजुरी दर्ता गराउँदा त्यही समयमा उजुरीको प्रतिलिपि* स्कुल विभागलाई पनि पठाउनु पर्छ । यदि तपाईलाई उजुरी प्रक्रियाहरुको बारेमा थप जानकारी चाहनुहुन्छ भने न्यु ह्याम्पशायर शिक्षा विभाग, बिशेष शिक्षा ब्यूरो मा सम्पर्क गर्न सक्नुहुन्छ ।

**उजुरी गर्ने प्रक्रियाहरु**

१. अभिभावक, संस्था वा अन्य राज्यको व्यक्तिद्वारा दर्ता गरिएको उजुरी प्राप्त गरेपछि, NH विभागमा भएको विशेष शिक्षाको ब्यूरोबाट उजुरीको समीक्षा गरिनेछ ।

२. स्कुल विभागले उजुरीकर्ताबाट उजुरीको प्रतिलिपि प्राप्त गरेपछि, स्कुल विभागले समाधानको प्रस्तावना सृजना गर्ने कार्य चयन गर्न सक्छ । समाधान गर्नका लागि प्रस्ताव एक लिखित योजना हो, जुन स्कुल विभागद्वारा निर्माण गरिएको हुन्छ, जसले त्यस क्षेत्रका कदमहरको बारेमा प्रस्ताव गर्दछ, जसले एक, केही, वा सबै उजुरी आरोप समाधान गर्ने विश्वास गरिन्छ । गरिएको संकल्पमा दुवै पक्ष बीचमा सहमति गर्ने प्रयास स्वरुप अभिभावकलाई यो प्रस्तावना प्रदान गरिन्छ । यदि अभिभावक र स्कुल विभाग एक, केही वा सबै आरोपको संकल्पमा सहमत भए भने, विशेष शिक्षा उजुरी कुनै पनि बाँकी मुद्दाहरुको आधारमा जारी रहन सक्नेछ । एकपटक अभिभावक र स्कुल विभाग समस्या समाधान गर्ने प्रस्तावनामा सहमत भएभने, उजुरीकर्ताले उजुरी फिर्ता लिन लागेको कुरा शिक्षा विभागलाई सूचित गर्नुपर्छ ।

३. यदि मुद्दाहरु उजुरी प्रक्रियाका लागि उपयुक्त भएमा:

क स्वतन्त्र छानबिनका लागि एक स्वतन्त्र अन्वेषक नियुक्त गरिन्छ, जसको केही भाग भने स्कुल विभागमा संचालन हुन्छ ।

ख. अभिभावक र स्कुल विभाग दुवैलाई पत्र पठाइन्छ, जसमा अन्वेषको नाम, उजुरी पत्रको प्रतिलिपि र संघीय र /वा राज्य नियमहरुको कस्ता नियमहरु संलग्न छन् भन्ने कुरा समावेश हुन्छ ।

४. उजुरी गर्ने व्यक्तिलाई विवादहरुको सारांशमा कुनै पनि त्रुटिहरु भए सच्याउने मौका दिनइनेछ र थप जानकारीहरु लिखित वा मौखिक रुपमा प्रस्तुत गर्न सक्नेछन् ।

५.अन्वेषकले उपयुक्त शैक्षिक अभिलेखहरु सहित सबै सान्दर्भिक जानकारी समीक्षा गर्नेछ र सबैबाट सत्यतथ्य निर्धारण गर्नको लागि तपाई र स्कुल विभाग अधिकारी साथै कर्मचारीहरुसँग प्रत्यक्ष वा टेलिफोनबाट अन्तर्वाता लिन सक्नेछन् । जब अन्वेषणको कार्य पूरा हुन्छ अन्वेषकले NH शिक्षा विभागमा लिखित प्रतिवेदन पेश गर्नेछ ।

६. कुनै उल्लङ्घन भए नभएको कुरा निर्धारण गर्नको लागि विशेष शिक्षा उजुरीको लागि NH विभाग शिक्षा विवाद समाधान संयाजकले प्रतिवेदनको समीक्षा गर्नेछ ।

७. शिक्षाको कमिश्नरले जानकारीको समीक्षा गर्दछ र बच्चाको आवश्यकतालाई उपयुक्त हुने आर्थिक पुर्नभुक्तान सहित कस्ता प्रकारका सुधारात्मक कार्य गर्ने हो भन्ने कुराको सुनिश्चत गराउने निर्णय लिन्छ । कमिश्नरले निर्णयमा हस्ताक्षर गर्दछ । उजुरीको निर्णय NH शिक्षा विभागले सो प्राप्त गरेको ६० दिन भित्रमा जारी गरिन्छ । यदि विभागले केही असाधारण परिस्थितिका कारण निर्णयमा ढिलाइ हुने देखेमा समय सीमा विस्तार हुनपनि सक्छ ।

८. उजुरी गर्ने कुनैपनि समूहले Ed 1121.02 (b) अन्तर्गत कमिश्नरको लिखित निर्णय आएको २० दिन भित्र, निर्णयलाई पुनर्विचार गर्नका लागि कमिश्नर समक्ष एउटा लिखित अनुरोध पेश गर्न सक्नछन् । कमिश्नरबाट असक्षमता भएको बच्चालाई फाइदा पुग्न गरिएको कुनैपनि सुधारात्मक कार्यको आदेश पुर्नविचारको निश्कर्ष नआएसम्म जारी भइरहनेछ र पुनर्विचारको निर्णय स्थीर रहे या नउल्टिएसम्म जारी रहनेछ ।

९. शिक्षा विभागले उपयुक्त सेवा प्रदान गर्नमा त्रुटी भएको निर्धारण गर्यो भने यसले रकम फिर्ताको सेवा दिन सक्छ वा बच्चाको आवश्यकता अनुसारको अन्य सुधारात्मक कार्यहरु र असक्षमता भएका बच्चाहरुको लागि भविष्यमा पनि उपयुक्त सेवाहरु प्रदान गरियोस् भन्ने कुरा सुनिश्चित गर्दछ ।

**नमूना फारामहरु** NH शिक्षा विभागले तपाईलाई आफ्नो उजुरीको बाँकी प्रक्रिया र राज्य उजुरी दायर गर्न नमूना फारामहरुको विकास गरेको छ । यो तपाईको बच्चाको स्कूलमा सम्पर्क गरेर प्राप्त गर्न सकिन्छ, NH Department of Education, 101 Pleasant Street Concord, N.H. 03301 या विभागको वेबसाइट: http://www.education.nh.gov/instruction/special_ed/complaint.htm तपाईले यी नमूना फारामहरु प्रयोग गर्न आवश्यक पर्दैन । जबसम्म यसमा उपयुक्त प्रक्रिया उजुरी वा राज्य उजुरीका लागि आवश्यक जानकारीहरु समावेश रहन्छ, तपाईले यो फारम वा अर्को सही नमूना फाराम प्रयोग गर्न सक्नुहुन्छ.

# वैकल्पिक विवाद समाधान

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यू ह्याम्पशायर नियमहरु ~ Ed 1122**

अभिभावक र स्कुल विभागले सम्भव भएसम्म कम विरोधात्मक शेलीमा असहमतीलाई समाधान गर्न सक्दो प्रयास गर्दछन् । तपाईको स्कुल विभागसँग केही चासो वा मतभेद छ भने, यी समस्याहरुको समाधान गर्न सबै भन्दा तल्लो प्रशासनिक तह देखि समस्या सुल्झाउने प्रयास गर्नुपर्छ । यस्ता प्रयासहरु असम्भव वा असफल हुँदा औपचारिक वैकल्पिक विवाद समाधान प्रक्रिया जस्तै मध्यस्थता वा तटस्थ सम्मेलनका जस्ता व्यवहारिक विकल्प हुन सक्छन् । स्कुल विभागले यस्तो प्रक्रियाको विकास गर्न सक्छ जसले मध्यस्थताको प्रक्रिया नरोज्ने तपाई र स्कुललाई कुनै व्यक्तिगत वा पेशागत चासो नभएको व्यक्तिसँग तपाईलाई पायक पर्ने समय र स्थानमा भेट गर्नको लागि मौका दिन सक्छ ।
यदि ती विकल्पहरु उपयुक्त नभएमा वा सफल भएनन् भने उजुरीको बाँकी प्रक्रिया कुनै पनि पक्षले बाँकी प्रक्रिया सुनुवाईको लागि अघि बढाउन सक्छ ।

**<u>तटस्थ सम्मेलन</u>** तटस्थ सम्मेलन तपाई र स्कुल विभाग दुवैका लागि खुला एक विकल्प हो । यो एक स्वैच्छिक गोप्य प्रक्रिmया हो, जसमा तालिम प्राप्त दक्ष (तटस्थ) सहजकर्ताले दुवै पक्षको विवादलाई सुन्दछ र सिफारिस गर्दछ जुन दुवै पक्षले स्वीकार्न वा अस्वीकार सक्दछन् । अभिभावकले आफ्नो बच्चाको स्कुल विभागले NH शिक्षा विभागलाई अनुरोध गरोस् भनेर आग्रह गर्न सक्नेछन् । तटस्थ सम्मेलन निःशुल्क सेवा हो जुन NH शिक्षा विभागद्वारा प्रदान गरिन्छ । यदि तपाईलाई अझ धेरै जानकारी आवश्यक परेमा कृपया ऐन र सुनुवाईको कार्यालय नम्बर (६०३)२७१-२२९९ मा फोन गर्न सक्नुहुन्छ ।

तपाई र स्कुल विभागलाई IDEA 2004 अन्तर्गत रहेको कुनैपनि मामलामा भएको असहमतीलाई समाधान गर्नको लागि मध्यस्थकर्ता उपलब्ध गराइएको हुन्छ जसले विशेष शिक्षा प्रक्रिmयाको रुपरेखा तयार गर्दछ जसमा बाँकी प्रक्रिया उजुरी दर्ता गर्नु अघिका विषयहरु पनि पर्दछ । यसैकारण तपाईले प्रक्रिया बाँकी सुनुवाईको अनुरोध गर्न बाँकी सुनुवाईको फाइल दायर गरेको वा नगरेको भएतापनि, IDEA 2004 अन्तर्गत विवादहरु समाधान गर्न मध्यस्थता उपलब्ध हुन्छ ।

कार्यप्रणालीहरुले मध्यस्थताको प्रक्रियाहरु को निम्ति निम्न कुरा निश्चय गर्नुपर्छ:

- ऐच्छिक रुपमा तपाईको भाग र स्कुल विभागको भागमा छ;
- तपाईको बाँकी प्रक्रिया सुनुवाईको अधिकारलाई अस्वीकार गर्न वा ढिलाई गर्न प्रयोग भएको छैन अथवा IDEA 2004 अन्तर्गत तपाईको अन्य अधिकारहरुलाई इन्कार गरेको छैन; **र**
- प्रभावकारी मध्यस्थताको तरिका सम्बन्धि तालिम पाएका योग्य र निष्पक्ष मध्यस्थकर्ताबाट संचालन भएको छ ।

**<u>स्कुल विभाग</u>** मध्यस्थता प्रक्रियाहरु छनोट नगरिएको अवस्थामा स्कुल विभागले तपाई र तपाईको स्कुललाई विवाद समाधान प्रक्रियाहरुको विकास गर्नका लागि प्रस्ताव गर्न सक्छन् । स्कुल विभागले तपाईको सुविधाको समय र स्थानमा कुनै व्यक्तिगत वा व्यवसायिक चासो नभएको व्यक्तिसँग भेट्ने अवसर प्रदान गर्छ जसले विवाद समाधान गर्न सहयोग गर्नेछन्:

- जो एक उपयुक्त वैकल्पिक विवाद समाधान निकाय वा अभिभावक सूचना केन्द्र वा न्यू ह्याम्पशायरको समुदाय अभिभावक स्रोत केन्द्रको सम्झौता अन्तर्गत काम गर्दछ; **र**
- जसले तपाईलाई फाइदाहरुको बारेमा बताएर मध्यस्थता प्रक्रिmया प्रयोग गर्नको लागि उत्साह दिँदछ ।

**<u>न्यू ह्याम्शायर शिक्षा विभाग</u>** NH शिक्षा विभागले त्यस्ता मानिसहरुको सूची तयार गर्छ जो योग्य मध्यस्थ हुन् साथै विशेष शिक्षा र त्यससँग सम्बन्धित सेवाहरु र त्यसको प्रावधान सम्बन्धी जानकार हुन्छन् । NH शिक्षा विभागले आफैमा उत्पन्न हुने तरिकाले, पालैपालो घुमेर अथावा निष्पक्ष आधारमा मध्यस्थको छनौट गर्नुपर्दछ ।

NH शिक्षा विभाग बैठकहरुको खर्च सहित मध्यस्थता खर्चहरुमा उत्तरदायी हुन्छ । मध्यस्थ प्रक्रिया सबै बैठकहरु तपाई र स्कुल विभागलाई पायक पर्ने स्थान र ठिक समयमा योजना तालिका गरिएको हुनुपर्छ ।
यदि तपाई र स्कुल विभागले मध्यस्थता प्रक्रिया मार्फत विवाद समाधान गर्नुभयो भने, दुवै पार्टीहरु कानूनी सम्भौतामा बाँधिनु पर्नेछ जसले समाधान ल्याउँछ र जुन:

- कुराले यो बताउँछ कि, मध्यस्थता प्रक्रिया चलिरहेको बेला भएका सबै छलफलहरु गोप्य रहनेछ र पछि उपयुक्त प्रक्रियाको सुनुवाई वा नागरिक प्रयोजनमा प्रमाणको रुपमा प्रयोग हुन सक्दैन;
- तपाई र हस्ताक्षर अधिकार प्राप्त भएको स्कुल विभागको प्रतिनिधिद्वारा हस्ताक्षर गरिएको हुन्छ ।

लिखित, हस्ताक्षर भएको मध्यस्थता सम्झौताले कुनै पनि योग्य न्यायलयमा (यस्ता प्रकारका मुद्दा हेर्नका लागि राज्य व्यवस्था अन्तर्गत अधिकार प्राप्त अदालत) वा संयुक्त राज्य अमेरिकाको जिल्ला अदालतमा बलियो रुपमा काम गर्छ । मध्यस्थताको अवधिमा भएका छलफल गोपनीय हुनुपर्छ । तिनीहरुलाई भविष्यमा कुनै पनि उपयुक्त प्रक्रियाको सुनुवाईमा वा कुनै पनि संघीय अदालत वा राज्य अदालत IDEA 2004 को सहयोग सहित नागरिक प्रयोजनमा प्रमाणको रुपमा प्रयोग गर्न सकिँदैन ।

**<u>मध्यस्थकर्ताको निष्पक्षता</u>** मध्यस्थकर्ता:

- राज्य शिक्षा निकाय (SEA) वा बच्चाको शिक्षा वा स्याहारमा संलग्न स्कुल विभागको कर्मचारी हुन सक्दैन; **<u>र</u>**
- व्यक्तिगत वा व्यवसायिक रुचि हुनुहुँदैन जुन मध्यस्थकर्ताको निष्पक्षतासँग जुध्छ ।

मध्यस्थकर्ताका लागि योग्य हुने व्यक्ति स्कुल विभाग वा राज्य विभागको कर्मचारी होइन किनभने उ वा उनीलाई मध्यस्थकर्ताको रुपमा कार्य गर्नको लागि विभाग वा स्कुल विभागबाट भुक्तान गरिएको हुन्छ ।

# उचित प्रक्रिया उजुरी पद्धति

**असक्षमता भएका बालवालिकाहरुको शिक्षाको निम्ति न्यु हेम्प्शायर को नियमहरु ~Ed 1123**

**<u>उचित प्रक्रिया सम्बन्धी सामान्य जानकारीहरु</u>** तपाईंको बच्चाको पहिचान, मूल्यांकन, वा शैक्षिक भर्ना गर्ने जस्ता कुनै पनि विषयमा गरिएको प्रस्ताव वा परिवर्तन गर्न इन्कार वा निशुल्क उचित सार्वजनिक शिक्षाको व्यवस्था (FAPE) को विषयमा तपाईं वा स्कुल बिभागले एउटा शेष प्रक्रिया सुनवाई उजुरी फाइल गर्न सक्नुहुन्छ। सुनवाईको प्रक्रिया पात्रो अनुसार ४५ दिनको हुन्छ यसमा ३० दिनको समाधान अवधी समावेश हुँदैन।

उचित प्रक्रिया उजुरीले आरोप लगाउँदा त्यस्तो एउटा अपराध घटेको कुरा तपाईं वा स्कुल विभागले बढीमा दुइ वर्ष भन्दा अघि थाह गरेको वा थाह गर्नु पर्ने हुन्छ, जसले उचित प्रक्रिया उजुरीको निम्ति अधार तयार गर्छ। यदि तपाईंले एउटा एकपक्षीय भर्नाको खर्च भर्पाइको निम्ति एउटा उचित प्रक्रिया उजुरी सुनुवाईको निवेदन गर्नुभएको हो भने तपाईंले एकपक्षीय भर्नाको ९० दिन भित्र निवेदन फाइल गर्नुपर्नेछ।

स्कुल विभागले निम्न कुराहरु गरेको खण्डमा तपाईंले समयावधि भित्र एउटा उचित प्रक्रिया उजुरी फाइल गर्न सक्नुभएन भने माथिको समयावधि तपाईंलाई लागु हुनेछैन:

- यदि उजुरीमा उल्लेख गरिएको समस्या यसले समाधान गरि सक्यो भनेर गलत प्रचार गर्यो भने; **<u>वा</u>**
- IDEA 2004 अन्तर्गत तपाईंले प्राप्त गर्नुपर्ने सूचना तपाईं बाट बन्चित गर्यो भने।

स्कुल विभागले त्यस क्षेत्रमा उपलब्ध भएका कुनै पनि निशुल्क वा न्यून-शुल्क कानूनी वा अन्य सेवाहरु सम्बन्धि कुराहरुको विषयमा तपाईंले यो जानकारीको अनुरोध गर्नु भयो भने, **<u>वा</u>** तपाईं वा स्कुल विभागले एउटा उचित प्रक्रिया उजुरी फाइल गरेको खण्डमा तपाईंलाई जनाकारी गराउनै पर्छ।

**<u>उचित उजुरी प्रक्रिया फाइल गर्दा</u>** सुनुवाईको अनुरोध गर्दा, तपाईं वा स्कुल विभाग (वा तपाईंको वकिल वा स्कुल विभागको वकिल) ले अन्य पक्षलाई एउटा उचित प्रक्रिया उजुरी पेश गर्नै पर्छ। त्यो उजुरीमा तल सुचित गरिएका सम्पूर्ण विषय समावेश गरेकै हुनु पर्छ र गोप्य राखिनु पर्छ।

उजुरी फाइल गर्ने तपाईं वा स्कुल विभागले उजुरीको एउटा प्रति NH शिक्षा मन्त्रालयमा उपलध गराउनै पर्छ। जब सम्म उचित प्रक्रिया उजुरी फाइल गरिदैन तब सम्म उचित प्रक्रियाको सुनुवाई शुरु हुँदैन।

उचित प्रक्रिया उजुरीमा यी कुराहरु समावेश हुनै पर्छ:

१. बच्चाको नाम;
२. बच्चाको घरको ठेगाना;
३. बच्चाको स्कुलको नाम;
४. बच्चा घर विहिन हो वा जवान हो भने, बच्चाको सम्पर्क सूचना, र बच्चाको स्कुलको नाम;
५. प्रस्ताव वा इन्कार गरिएको कार्य संग सम्बन्धित बच्चाको समस्याको प्रकृतिको विवरण, साथै त्यस समस्या संग सम्बन्धित तथ्यहरु; **<u>र</u>**
६. समस्याको प्रस्तावित समाधान जुन त्यो समयमा तपाईलाई वा स्कुल विभागलाई जानकारी र उपलब्ध गराइएको थियो।

**<u>उचित प्रक्रिया उजुरी</u>** एउटा उचित प्रक्रिया उजुरी अघि बढोस भन्नको लागि यसलाई यथेष्ट ठानिनु पर्छ। जब सम्म उचित प्रक्रिया उजुरी प्राप्त गर्ने पक्ष (तपाईं वा स्कुले विभाग) ले यस उचित प्रक्रिया उजुरीले माथि सुचित योग्यताहरु पुरा गर्दैन भन्ने विश्वासलाई, उजुरी प्राप्त गरेको १५ पात्रो दिनहरु भित्र, सुनुवाई गर्ने अधिकारी र अन्य पक्षलाई जानकारी गराउँदैन, तब सम्म यस उचित प्रक्रिया उजुरीलाई यथेष्ट(माथि सुचित गरिएको विषयवस्तु पुरा गरेको) मानिनेछ।

जानकारी प्राप्त गरेको ५ पात्रो दिन भित्र प्राप्त गर्ने पक्ष (तपाईं वा स्कुले विभाग) ले उचित प्रक्रिया उजुरी अपर्याप्त छ भन्यो भने, सुनुवाई गर्ने अधिकारीले माथि सुचिकृत गरिएका योग्यताहरु पुरा गरेको छ या छैन भनि निर्णय गर्नुपर्छ, र तपाईं र स्कुल विभागलाई तुरुन्तै लिखितमा जानकारी गराउनु पर्छ।

दुवै पक्षले एउटा शिघ्र सुनुवाईको अनुरोध गरेको खण्डमा, यस सूचनाले यो अनुरोधको निम्ति कानुनि आधार पनि उल्लेख गरेको हुनुपर्छ।

**<u>उजुरीमा परिवर्तन</u>** निम्न शर्तमा मात्रै तपाईं वा स्कुल विभागले उचित प्रक्रिया उजुरीमा परिवर्तन गर्न सक्नुहुन्छ:
- अर्को पक्षलाई एउटा समाधानको बैठक द्वारा उचित प्रक्रिया सुनुवाई उजुरी समाधान गर्ने मौका दिईएको र त्यो पक्षले लिखितमा दिईएको परिवर्तनलाई स्वीकार गर्यो भने, जस्तो तल व्याख्या गरिएको छ, **<u>वा</u>**
- उचित प्रक्रिया सुनुवाई सुरु हुनुभन्दा पाँच दिन अघि सुनुवाई अधिकारिले परिवर्तनको अनुमति प्रदान गर्नेछ

उजुरी दिने पक्ष (तपाईं वा स्कुले विभाग) ले उचित प्रक्रिया उजुरीमा परिवर्तन गरेको खण्डमा, समाधान बैठकको समय (उजुरी प्राप्त भएको १५ पात्रो दिनभित्र) र समाधानको समय अवधि( उजुरी प्राप्त भएको ३० पात्रो दिनभित्र) संशोधित उजुरी दर्ता गरिएको मितिमा पुनः शुरु हुन्छ।

**<u>एउटा उचित प्रक्रिया उजुरीमा स्कुलको प्रतिक्रिया</u>** यदि स्कुले विभागले तपाईंको उचित प्रक्रिया उजुरीमा निहित विषय वस्तुको विषयमा एउटा लिखित पुर्व सूचना (WPN) तपाईंलाई पठाएको छैन भने, स्कुले विभागले, उचित प्रक्रिया उजुरी प्राप्त गरेको १० पात्रो दिन भित्र, निम्न कुरा उल्लेख गरिएको एउटा जवाफ पठाउनै पर्छ:
- उचित प्रक्रिया उजुरीमा उठाइको विषय पालन गर्न किन स्कुल विभागले प्रस्ताव वा इन्कार गर्यो भन्ने एउटा व्याख्या;
- तपाईंको बच्चाको व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) टिमले ठहराएको अन्य विकल्पहरुको विवरण र ति विकल्पहरु किन अस्विकार भए भन्ने कारणहरु;
- प्रत्येक मुल्यांकन पद्धति, जाँच, रेकर्ड, वा प्रतिवेदनको एउटा विवरण जसको स्कुल विभागले प्रस्तावित वा अस्विकार गरेको कार्यको आधारमा प्रयोग गर्छ; **<u>र</u>**
- स्कुल विभागको प्रस्तावित वा अस्वीकृत कार्य संग सान्दर्भिक अन्य कारकहरुको एउटा विवरण।

माथि उल्लेखित विवरणहरुहरुमा सूचना उपलब्ध गराउनुले स्कुल विभागलाई तपाईंको उचित प्रक्रिया उजुरी अपर्याप्त छ भनि निर्क्यौल गर्नबाट रोक्दैन।

**<u>एउटा उचित प्रक्रिया उजुरीमा अभिभावकको प्रतिक्रिया</u>** जब स्कुल विभाग, र अन्य पक्षले उचित प्रक्रिया उजुरी दर्ता गराएको छ भने, तपाईं, प्राप्त गर्ने पक्षले, उजुरी प्राप्त गरेको १० पात्रो दिनभित्र, एउटा जवाफ पठाउनु पर्छ जसले उजुरीमा स्कुल विभाग र अन्य पक्षलाई समस्याको खास सम्बोधन गरेको हुनुपर्छ।

**<u>एउटा उचित प्रक्रियाको सुनुवाईको निम्ति अलग्गै अनुरोध</u>** IDEA 2004 (34 CFR §§300.500 देखि 300.536) को भाग B अन्तर्गतको संघिय नियमहरु खण्डको प्रकृयात्मक सुरक्षा उपायहरुमा भएको कुनै पनि समस्यामा तपाईंले एउटा उचित प्रक्रिया उजुरी पहिले नै दर्ता गराई सक्नुभएता पनि तपाईंलाई एउटा अलग्गै उचित प्रक्रिया उजुरी गर्न बाट रोक्छ भनि अर्थ लगाउन सकिन्न।

**<u>मध्यस्थता</u>** IDEA 2004 अन्तर्गत तपाईं र स्कुल विभाग विचको असहमतिहरु समाधान गर्न संग्लग्न कुनै पनि विषयमा मध्यस्थता उपलब्ध छ, यसमा एउटा उचित प्रक्रिया उजुरी दर्ता गर्न भन्दा अघि खडा भएको समस्या पनि सम्मिलित छ। तसर्थ, IDEA 204 अन्तर्गत विवाद समाधान गर्न मध्यस्थता उपलब्ध छ, चाहे तपाईंले एउटा उचित प्रक्रिया सुनुवाईको निम्ति एउटा उचित प्रक्रिया उजुरी दर्ता गर्नुभएको होस् वा नहोस।

**<u>मध्यस्थताको निम्ति आवश्यकताहरु</u>**

- तपाईं र स्कुल विभागको हकमा यो स्वेच्छिक हुन्छ;
- एउटा उचित प्रक्रिया सुनुवाईको निम्ति तपाईंको अधिकारलाई इन्कार वा ढिलाई नगर्ने, वा IDEA 2004 अन्तर्गत तपाईंले पाउनु हुने अन्य कुनै पनि अधिकारलाई इन्कार नगर्ने; **<u>र</u>**
- प्रभावकरी मध्यस्थता पद्धतिहरुमा तालिम प्राप्त योग्य र निष्पक्ष मध्यस्थकर्ता द्वारा संचालित।

NH शिक्षा मन्त्रालय संग योग्य मध्यस्थकर्ताहरुको एउटा सुची छ जो विशेष शिक्षा व्यवस्था र सम्बन्धित सेवाहरुको सम्बन्धमा भएको कानूनहरु र नियमहरु संग विज्ञ छन। मध्यस्थकर्ताहरुको छनौट एउटा अनियमित, चक्रिय प्रणाली, वा अन्य निष्पक्ष आधार बाट हुन्छ। मध्यस्थताको लागत NH शिक्षा मन्त्रालयले निर्धारण गर्छ।

**मध्यस्थकर्ता को निष्पक्षता** मध्यस्थकर्ताले:

- एउटा मध्यस्थकर्ता राज्यको शैक्षिक निकायको वा स्कुल विभागको कर्मचारी हुनुहुँदैन जो तपाईंको बच्चाको शिक्षा र स्याहारमा संग्लग्न भएको हुन्छ; **<u>र</u>**
- व्यक्तिगत तथा व्यावसायिक चासो हुनुहुँदैन जसले मध्यस्थकर्ताको उद्देश्यलाई विवादित बनाउँछ।

एउटा मध्यस्थकर्ता जसले माथि उल्लेखित अनुसार मध्यस्थकर्ताको निम्ति योग्य हुन्छ उ स्कुल विभाग वा राज्यको निकायको कर्मचारी मात्रै होइन किनभने उ वा उनीलाई एउटा मध्यस्थकर्ताको रुपमा सेवा गर्न निकायले वा स्कुले विभागले तलब दिएको हुन्छ।

मध्यस्थताको प्रक्रियामा हुने प्रत्येक मिटिङ्ग समयको ख्याल गर्दै संचालन गर्नु पर्छ र तपाईं र स्कुल विभागको लागि उपयुक्त स्थानमा राखिनु पर्दछ।

यदि तपाईं र स्कुल विचको विवाद मध्यस्थ प्रक्रिया बाट नै समाधान भयो भने, दुवै पक्ष एउटा कानूनी बाध्यकारी सहमतिमा परिवेश गर्नुपर्छ जसले समाधान अघि बढाउँछ र जसले:

- मध्यस्थताको प्रक्रियामा भएका सम्पूर्ण छलफलहरु गोप्य रहनेछ र त्यसलाई आगामी हुने उचित प्रक्रिया सुनुवाई वा नागरिक कार्यवाहीमा प्रमाणको रुपमा प्रयोग गर्दैन; **<u>र</u>**
- तपाईं र स्कुल विभागको एउटा प्रतिनिधिले हस्ताक्षर गरेको हुन्छ जससँग स्कुल विभागलाई बाँध्ने अधिकार हुन्छ।

कुनै पनि दक्ष न्यायालय (एउटा अदालत जससँग यस प्रकारको मुद्दा सुनुवाई गर्न राज्य कानून अन्तर्गत अधिकार प्राप्त हुन्छ) को राज्य अदालतमा वा संयुक्त राज्यको एउटा जिल्ला अदालतमा, मध्यस्थताको एउटा लिखित, हस्ताक्षरित सहमति लागु हुन्छ।

**<u>उचित प्रक्रिया तथा सुनुवाई विचाराधीन भएको अवस्थामा बच्चाको स्थानान्तरण</u>** तपाईंको बच्चा "अनुशासनात्मक निष्कासनको कारण हुने अनतरिम वैकल्पिक स्थानान्तरण" को व्यवस्था बाहेक उचित प्रक्रिया समय अवधिमा उसको वा उनको वर्तमान शैक्षिक स्थानमा नै रहनु पर्छ। यदि उचित प्रक्रिया उजुरी सार्वजनिक स्कुलमा प्रारम्भिक भर्नाको एउटा निवेदन समावेश छ भने, तपाईंको बच्चा, तपाईंको मन्जुरी सहित, त्यस्ता सबै कार्यवाहीहरु पूर्ण नहोउञ्जेल नियमित सार्वजनिक स्कुल योजनामा भर्ना गरिनु पर्छ।

*यदि उचित प्रक्रिया उजुरी निवेदनमा तपाईंको बच्चा DEA 2004 ko भाग C अन्तर्गत प्रारम्भिक सहायताहरू र सेवाहरु देखि परिवर्तनको निम्ति प्रारम्भिक सेवाहरु सम्मिलित छ भने वा तपाईंको बच्चा तीन वर्ष लागको छ भने, तपाईंको बच्चाले प्राप्त गरिरहेको प्रारम्भिक सहायताहरू र सेवाहरु उपलब्ध गराउन स्कुल विभागलाई आवश्यक छैन। यदि तपाईंको बच्चा IDEA 2004 अन्तर्गत योग्य पाइयो भने र तपाईंको बच्चाले विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्राप्त गर्न भनि पहिलो पटक मन्जुरी दिनु*

*भएको छ भने,र कार्यवाहीहरुको नतिजा विचाराधीन रहेको अवस्थामा, स्कुल विभागले ति विशेष शिक्षा र सम्बन्धित सेवाहरु उपलब्ध गराउनै पर्छ जुन विवादमा छैनन् (ति कुराहरु जसमा तपाईं र स्कुल विभाग दुवै समहत हुनुहुन्छ)*

**समाधानको बैठक** तपाईंको उचित प्रक्रिया उजुरीको सूचना प्राप्त भएको १५ पात्रो दिनहरु भित्र, र उचित प्रक्रिया को सुनुवाई शुरु हुनु भन्दा अघि, स्कुल विभागले तपाईं र व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) टिमका सदस्य वा सदस्यहरुको विच एउटा समाधानको बैठक बोलाउनु पर्छ, ति सदस्यहरु जस संग तपाईंको उचित प्रक्रिया उजुरीमा पहिचान गरिएका तथ्यहरुको विशेष ज्ञान छ। यस बैठकले:

- स्कुल विभागको एउटा त्यस्तो प्रतिनिधिलाई सामले गर्नुपर्छ जससँग स्कुल विभागको तर्फ बाट निर्णय गर्ने अधिकार हुन्छ; **र**
- तपाईंको साथ वकिल आफै नआए सम्म स्कुल विभागको कुनै पनि वकिल सामेल गर्दैन।

यस बैठकको उद्देश्य भनेको तपाईंको उचित प्रक्रिया उजुरी, र ति तथ्यहरु छलफल गर्ने हो जसले यो उजुरीको आधार निर्माण गरेको छ, जसले गर्दा स्कुल विभाग संग यस विवाद समाधान गर्न एउटा अवसर मिल्दछ। निम्न अवस्थामा समाधान बैठक आवश्यक पर्दैन यदि:

- लिखित रुप तपाईं र स्कुल विभागले यदि बैठक त्याग गर्न सहमत हुनुभयो भने; **वा**
- तपाईं र स्कुल विभाग मध्यस्थता प्रक्रियामा जान सहमत हुनुभयो भने।

**समाधानको अवधि** यदि स्कुले विभागले उचित प्रक्रिया सुनुवाई उजुरी(समाधान प्रक्रियाको समय अवधिमा) प्राप्त गरेको ३० पात्रो दिन भित्र पनि  तपाईंको सन्तुष्टि अनुरुप समाधान गरको छैन भने उचित सुनुवाई प्रक्रिया शुरु हुनसक्छ।

३० पात्रो दिनको समाधानको अवधिको समाप्ति पछि एउटा अन्तिम निर्णय जारि गर्ने ४५ पात्रो दिनको समय अवधि शुरु हुन्छ, जसमा तल व्याख्या गरी अनुसार, ३० पात्रो दिनको समाधान अवधिमा केहि सामन्जस्यताको निम्ति छुट हुन्छ। तपाईं र स्कुल विभाग दुवै समाधान प्रक्रिया वा मध्यस्थता को प्रयोग त्याग्न सहमत हुनुभएको खण्डमा, समाधानको बैठकमा भाग लिन तपाईं असफल हुनाले समाधानको प्रक्रिया र उचित प्रक्रिया सुनुवाईको समय रेखालाई ढिलाई गराउनेछ जबसम्म तपाईं बैठकमा भाग लिन सहमत हुनुहुन्न।

उपयुक्त प्रयासहरु र त्यस्ता प्रयासहरुको कगाजातहरु बनाइ सकेपछि पनि यदी स्कुल विभागले समाधान बैठकमा तपाईंको सहभागिता प्राप्त गर्न सकेन भने, स्कुल विभागले, समाधान अवधिको ३० पात्रो दिनको अन्तमा, सुनुवाई अधिकारिले तपाईंको उचित प्रयास उजुरी खारेज गर्न अनुरोध गर्न सक्छ।

पारस्परिक रुपमा सहमत भएको समय र स्थान मिलाउन स्कुल विभागले गरेको प्रयासको एउटा रेकर्ड त्यसता प्रयासको कागजातमा संग्लग्न हुनुपर्छ, जस्तै:

- टेलिफोन गरिएका वा गर्न प्रयासका विस्तृत रेकर्डहरु तथा ति कलहरुको नतिजाहरु;
- तपाईंलाई गरिएका पत्राचार को प्रतिहरु र प्राप्त गरिएका कुनै जवाफहरु; र
- तपाईको घर वा कार्य स्थलमा गरिएका भ्रमणहरुको विस्तृत रेकर्डहरु र ति भ्रमणका नतिजाहरु।

तपाईंको उचित प्रक्रिया उजुरीको सूचना प्राप्त गरेको १५ पात्रो दिन भित्र स्कुल विभागले समाधान बैठक राख्न असफल भयो भने **वा** समाधान बैठकमा सहभागी हुन असफल भयो भने, तपाईंले सुनुवाई गर्ने अधिकारीलाई ४५ पात्रो दिनको उचित प्रक्रिया सुनुवाईको समय रेखा शुरु गर्न आदेश दिन भन्न सक्नुहुन्छ।

**३० पात्रो दिन समाधान अवधिका समायोजनहरु** यदि तपाईं र स्कुल विभाग समाधान बैठक त्यागन, लिखितमा सहमत हुनुभयो भने, ४५ पात्रो दिनको समय रेखाको उचित प्रक्रिया सुनुवाई भोलि देखि नै सुरू हुन्छ।

मध्यस्थता वा समाधान बैठकको शुरु पछि र समाधानको ३० पात्रो दिनको अन्त भन्दा अघि, यदि तपाईं र स्कुल विभाग, कुनै पनि सहमति सम्भव छैन भनि, लिखितमा, सहमत हुनु भयो भने, तब ४५ पात्रो दिन को समय रेखाको उचित प्रक्रिया सुनुवाई भोलि देखि नै शुरु हुन्छ।

यदि तपाईं र स्कुल विभाग मध्यस्थता प्रक्रिया प्रयोग गर्न सहमत हुनु भयो भने, समाधान अवधिको ३० पात्रो दिनको अन्तमा, दुवै पक्ष, सहमतिमा नपुगे सम्म मध्यस्थता जारि राख्ने कुरा लिखितमा सहमत हुन सक्छन। तर, तपाईं वा स्कुल विभाग यो मध्यस्थता प्रक्रिया बाट बाहिरिनु भयो भने, तब ४५ पात्रो दिनको समय रेखाको उचित प्रक्रिया सुनुवाई भोलि नै सुरू हुन्छ।

**<u>लिखित सम्झौता सहमति</u>** यदि विवादको समाधान समाधान बैठकमा पुग्यो भने, तपाईं र स्कुल विभाग एउटा कानूनी बाध्यकारी सहमतिमा प्रवेश गर्नु पर्छ जुन:

- तपाईं र स्कुल विभागको एक प्रतिनिधि जस संग स्कुल विभागलाई बाध्न सक्ने अधिकार छ , उसले हस्ताक्षर गरेको हुन्छ; **<u>र</u>**
- दक्ष न्यायिक कुनै पनि राज्य अदालतमा (यस प्रकार को मुद्दा हेर्न अधिकार भएको राज्य अदालत), वा संयुक्त राज्यको जिल्ला अदालतमा वा राज्य शैक्षिक निकायमा लागु हुन्छ यदि तपाईंको राज्यमा कुनै अर्को त्यस्तो प्रणाली वा प्रक्रिया छन जसले समाधानको सहमतिहरु लागु गर्न दुवै पक्षहरुलाई अनुमति दिन्छ।

**<u>सहमति समिक्षा गर्ने अवधि</u>** यदि तपाईं र स्कुल विभाग समाधान को बैठकको नतिजा अनुसार एउटा सहमतिमा प्रवेश गर्नु भयो भने , कुनै पनि पक्षले(तपाईं वा स्कुल विभाग) तपाईं र स्कुल विभागले सहमति पत्रमा हस्ताक्षर गरेको समय देखि ३ काम गर्ने दिन भित्र समहतीलाई निरर्थक बनाउन सक्छन।

## आंशिक उचित प्रक्रिया सुनुवाई

**असक्षमता भएका बालवालिकाहरुको शिक्षाको निम्ति न्यु ह्याम्प्शायरको नियमहरु~ Ed 1123**

न्यु ह्याम्प्शायरमा, उचित प्रक्रिया सुनुवाईको बैठक बोलाउन र एउटा उचित प्रक्रिया सुनुवाईको निर्णय अपिल सोझै अदालतमा गर्न NH विभाग जिम्मवार हुन्छ।

पुर्व-सुनुवाई सभा र एउटा सुनुवाईको निम्ति मिति तय NH को शिक्षा मन्त्रालयले गर्नेछ। सुनुवाईमा सम्बोधन गर्नु पर्ने मुद्दाहरु स्पष्ट पार्ने उद्देश्यको निम्ति, सुनुवाई गर्ने अधिकारिले पुर्व-सुनुवाई सभा संचालन गर्छ। पुर्व सुनुवाई पनि एउटा त्यस्तो मौका हो जहाँ विवाद साम्य पर्ने विषयमा अवसरहरु छलफल गर्न सकिन्छ।

पुर्व सुनुवाई सभाको समापन भएको १४ दिन पछि उचित प्रक्रिया सुनुवाई राखिन्छ। राम्रो कारण देखाएको अवस्थामा बाहेक, प्रशासनिक उचित प्रक्रिया सुनुवाई २ दिनमा सिमित गरिनेछ।

**<u>सुनुवाईको अधिकारहरु</u>** उचित प्रक्रिया सुनुवाईका (अनुशासनात्मक कार्यवाहीहरु संग सम्बन्धित सुनुवाई) कुनै पनि पक्ष संग निम्न अधिकार हुन्छ:

- त्यस्तो अधिवक्ता र/वा व्यक्ति बाट सल्लाह प्राप्त गर्न सक्छन जो असक्षमता भएका बालबालिकाहरुको समस्या संग समन्धित विशेष ज्ञान वा तालिम प्राप्त छन;
- प्रमाण पेश गर्न र त्यस्लाई सामना गर्न, केर-कार गर्न, साथै साक्षीको उपस्थितिको माग गर्न सक्छन;
- सुनुवाईको समयमा कुनै पनि त्यस्ता प्रमाणको परिचय निषेध गर्न सक्छ जुन त्यो पक्षlaal सुनुवाई भन्दा ५ कामकाजको दिन अघि प्रकट गरिएको थिएन;
- सुनुवाईको एउटा लिखित, वा, तपाईको रोजाइमा, विधुतिय, शब्द-को-शब्द रेकर्ड प्राप्त गर्न सक्छ; **<u>र</u>**
- लिखितमा, वा, तपाईंको रोजाइमा, विद्युतीय माध्यममा पत्ता लागेका तथ्य र निर्णयहरु प्राप्त गर्न सक्छन।

सुनुवाईमा अतिरिक्त अभिभावकीय अधिकारहरु तपाईंलाई निम्न अधिकारहरु दिईएको हुनुपर्छ:

- तपाईंको बच्चा उपस्थित हुनुपर्छ;
- सुनुवाई जन समुदाय बिच खुला गर्ने; **<u>र</u>**
- सुनुवाई, तथ्यको खोजहरु, र निर्णयहरुको रेकर्डहरु तपाईंले निशुल्क पाउनुपर्छ।

**<u>सूचनाको अतिरिक्त खुलासा</u>** उचित प्रक्रियाको सुनुवाईको कम्तिमा पाँच व्यवसाय दिन भन्दा अघि नै तपाईं र स्कुल विभागले प्रत्येक अरु सबै कागजी प्रमाण, साक्षीहरुको सुची र उक्त मितिमा पुरा गरिएका स्वतन्त्र मुल्याङ्कनहरु सहितका मुल्याङ्कनहरु तथा तपाईं र तपाईंको स्कुल विभागले सुनुवाईको समयमा प्रयोग गर्ने अभिप्राय राख्नु भएका मुल्याङ्कनहरुमा आधारित सिफारिसहरुको खुलासा गर्नुपर्छ।
यदि कुनै पक्ष यो आवश्यकता पुरा गर्न असफल भयो सुनुवाई अधिकारीले अर्को पक्षको मन्जुरी विना नै सुनुवाईको समयमा सान्दर्भिक मुल्यांकन वा सुझावको परिचय गराउन देखि उसलाई रोक्न सक्छ।

**<u>उचित प्रक्रिया सुनुवाईको विषय वस्तु</u>** उचित प्रक्रिया सुनुवाईको माग गर्ने पक्ष (तपाईं वा स्कुल विभाग) ले अर्को पक्ष सहमत नभएसम्म उचित प्रक्रिया उजुरीमा सम्बोधन नगरिएका विषयलाई उचित प्रक्रिया सुनुवाईमा उठाउन पाउँदैनन्।

**<u>आंशिक सुनुवाई अधिकारी</u>** एक सुनुवाई अधिकारि संग कम्तिमा पनि निम्न कुरा हुन्छ:
- राज्य शिक्षा निकाय (SEA) वा बच्चाको शिक्षा र स्याहारमा संग्लंग स्कुल विभागको कर्मचारी हुन् सक्दैन। तरपनि, उ केवल निकायको कर्मचारी मात्र होइन किनकि उसलाई/उनलाई सुनुवाई अधिकारिको रुपमा कार्य गर्नको निम्ति तलव दिइन्छ;
- सुनुवाईमा सुनुवाई अधिकारीको उद्देश्यसँग विवादित हुने प्रकारका व्यक्तिगत तथा व्यसायिक चासो हुनुहुँदैन;
- IDEA 2004 को व्यवस्थाहरु, र IDEA 2004 बमोजिमका संघिय र राज्य नियमहरु थाहा भएको र बुझ्न सक्ने हुनुपर्छ, र संघिय र राज्य अदालतहरु अन्तर्गत IDEA 2004 को कानूनी व्याख्या गर्न सक्ने हुनुपर्छ; **<u>र</u>**
- सुनुवाईहरु संचालन गर्न सक्ने, र निर्णयहरु लेख्न सक्ने ज्ञान र खुबी भएको, र उचित, स्तरिय कानूनी अभ्यास संग एक समान हुनुपर्छ।

**<u>सुनुवाईको निर्णयहरु</u>** तपाईंको बच्चाले निशुल्क उचित सार्वजनिक शिक्षा(FAPE) पाउने न पाउने भन्ने बारेको सुनुवाई अधिकारिको निर्णय सत्यमा आधारित हुनुपर्छ। प्रक्रियात्मक उल्लङ्घन भएको आरोप लागको अवस्थामा, एउटा सुनुवाई अधिकारीले तपाईं को बच्चाले FAPE पाएको छैन भनि निम्न प्रक्रियात्मक अपर्याप्तता भएको खण्डमा मात्रै भन्न सक्छ:
- तपाईंको बच्चाले पाउनुपर्ने निशुल्क उचित सार्वजनिक शिक्षा (FAPE)को अधिकारमा यदि हस्तक्षेप भएको छ भने;
- तपाईंको बच्चाको निशुल्क उचित सार्वजनिक शिक्षा (FAPE) को प्रावधान संग सम्बन्धित तपाईंको निर्णय प्रक्रियामा सहभागिता जनाउने अवसरमा महत्त्वपूर्ण रुपबाट हस्तक्षेप गरिएको बेलामा; वा
- शैक्षिक लाभमा हानी पुगेको अवस्थामा।

तपाईं वा स्कुल विभाग सुनुवाई अधिकारीको निर्णय संग असहमत भएमा, दुवै पक्षहरुले N.H को सर्वोच्च अदालतमा वा संघिय अदालतमा अन्तिम निर्णय प्राप्त गरेको १२० भित्र एउटा अपिल को दायर गर्न सक्छन।

**<u>निर्माण शर्त</u>** माथि वर्णन गरिएका कुनै पनि व्यवस्थाहरुले एउटा सुनुवाई गर्ने अधिकारिलाई प्रक्रियात्मक सुरक्षाउपायहरुको IDEA 2004 (34 CFR §§300.500 देखि 300.536) अन्तर्गतको संघीय कानूनको खण्डको माग संग सहमत हुन् भनि स्कुल विभागलाई आदेश दिनबाट रोक्छ भनि व्याख्या गर्न सकिन्न।

**<u>सल्लाहकार मण्डल र आम मानिसको निम्ति पत्ता लागेका तथ्यहरु र निर्णयहरु</u>** व्यक्तिगत रुपमा पहिचान योग्य सूचनाहरु हटाएपछि, NH शिक्षा विभागले निम्न कुरा गर्नै पर्छ:
- उचित सुनुवाईमा पत्ता लागेका कुराहरु र निर्णयहरु उपलब्ध गराउने वा राज्यको विशेष शिक्षा सल्लाह मण्डलमा अपिले गर्ने; **<u>र</u>**
- पत्ता लागेका कुरा र निर्णयहरुलाई सार्वजनिक रुपमा उपलब्ध गराउने।

**<u>शिघ्र सुनुवाई: कुनै वृद्धि विना ४५ दिन भित्र उचित प्रक्रिया सुनुवाई प्रक्रिया</u>** NH शिक्षा विभागले सुनुवाई अनुरोध प्राप्त गरेको २० स्कुल दिन भित्रसम्म सुनुवाईको तालिका तयार गर्नेछ। समाधान सत्र ७ दिन भित्र आयोजना गरिनु पर्छ र १० स्कुल दिनभित्र निर्णय उपलब्ध गराउनु पर्छ। माग गरिएमा निम्न अवस्थामा शिघ्र सुनुवाईको मिति तय गरिनेछ:

१. स्कुल विभागको सोचाइमा बच्चालाई वर्तमान स्कुल कार्यक्रममा राख्नाले बच्चालाई वा अन्यलाई चोटपटकको सम्भावनाको कारण स्कुल विभाग बच्चालाई एउटा अन्तरिम वैकल्पिक शैक्षिक वातावारणमा ४५ वा त्यो भन्दा कम दिन राख्नु पर्छ भन्छ, तर अभिभावक यसमा सहमत हुँदैनन्;

२. निम्न उचित प्रक्रियाको पालना विना बच्चालाई लगातार १० दिन वा स्कुल वर्षको १० दिनसम्म बाहिर राखिएको छ भनि अभिभावक विश्वास गर्छन भने:

   क) अभिभावक अन्तरिम वैकल्पिक शैक्षिक वातावारणमा बच्चालाई राख्न स्कुलसंग सहमत नभएमा; वा

   ख) अभिभावक निर्धारित निर्णयको अभिव्यक्ति संग सहमत नभएमा।

४५ दिने अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्था (IAES) मा बच्चालाई राखिएमा बच्चा उक्त संस्थानमा नै रहन्छ जब सम्म:

(१) सुनुवाई अधिकारीले फरक निर्णय गर्दैन,

(२) ४५ दिन अन्त हुँदैन, वा

(३) दुवै पक्षहरु एउटा भिन्नै संस्थानमा स्थापन गर्ने विषयमा सहमत हुँदैनन्। विवादको अवस्थामा, अनतरिम वैकल्पिक शैक्षिक व्यवस्था नै बच्चाको "स्थिर राख्ने" संस्थान बन्दछ ४५ IAES को बाँकी दिनहरुको लागि। जब ४५ IAES दिनहरु समाप्त हुन्छ, बच्चा स्कुल कार्यक्रममा फर्किन्छ जहाँ ४५ दन को अन्तरिम संस्थान स्थापन भन्दा अघि बच्चा राखिएको थियो, यो तब हुन्छ जब सम्म सुनुवाई गर्ने अधिकारीले अर्को ४५ दिनको अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्थाको आदेश दिदैन।

**<u>निर्णय, अपिल, आंशिक समिक्षाको अन्तिम स्थिति</u>** अभिभावक वा स्कुल विभागले सुनुवाई अधिकारीको निर्णयमा सहमति जनाएको खण्डमा, तिनीहरुले सुनुवाई अधिकारीको अन्तिम निर्णय लिएको समय देखि उच्च अदालत वा संघीय अदालतमा १२० दिन भित्र सम्म अपिल दायर गर्नुपर्छ।

अपिल हेरी रहेका अदालतले उचित सुनुवाई प्रक्रिया बाट रेकर्डहरु प्राप्त गर्नेछ र अभिभावक वा स्कुल विभागले माग गरेको खण्डमा थप गरिएको प्रमाणहरु सुनाउनेछ। अदालतले अपिल उपर निर्णय लिनेछ र यदि छ भने, प्रमाणको प्रचुरता (५१% वा बढि)को आधारमा, अदालतले उचित लागेको राहत अनुमोदन गर्नेछ।

*यस खण्डको कुनै पनि कुराले अधिकारहरु, प्रक्रियाहरु र निदानहरुलाई बन्देज वा सिमित गर्दैन जुन असक्षमता भएका अमेरिकीहरुको संविधानको ऐन १९९०, शिर्षक V पुनर्वासको ऐन १९७३, वा असक्षमता भएका बालबालिकाहरुको अधिकार सुरक्षित गर्ने अन्य संघिय कानूनहरु अन्तर्गत पर्दछन, यी बाहेक यी कानूनहरु अन्तर्गत मुद्दा दायर गर्नु भन्दा अघि राहत खोजि गर्ने कुराहरु पनि दफा ६१५ अनतर्गत उपलब्ध छन, मुद्दा ऐनको दफा ६१५ अन्तर्गत ल्याइए को खण्डमा ३००.५०७ र ३००.५१० (३/९९) अन्तर्गतका कार्यवाहीहरु आवश्यक भए अनुसार समान रुपमा निकासा ल्याइनु पर्छ।*

**<u>सुनुवाईहरु र समिक्षाहरुका समय रेखा र सहजताहरु</u>** NH शिक्षा विभागले ३० पात्रो दिनको समाप्ति पछि ढिलोमा ४५ दिन भित्र समाधान बैठकको सुनिश्चितता गर्नुपर्छ वा समायोजित समय अवधिको समाप्ति पछि ढिलोमा ४५ दिन भित्र उप-शिर्षक **<u>३० पात्रो दिन समाधान अवधिमा समायोजन</u>** अन्तर्गत व्याख्या गरिए अनुसार सुनिश्चित गर्नुपर्छ:

- सुनुवाईमा भएको एउटा अन्तिम निर्णयमा पुगियो; **<u>र</u>**
- प्रत्येक पक्षहरुलाई निर्णयको प्रतिलिपि प्रेषित गरियो।

माथि उल्लेखित ४५ पात्रो दिनको समय अवधिमा सुनुवाई अधिकारीले समयको निश्चित वृद्धि कुनै पनि पक्षको अनुरोधमा गर्न सक्छ।

प्रत्येक सुनुवाई तपाईं र तपाईंको बच्चाको लागि उचित रुपमा सुविधाजनक हुने समय र स्थानमा संचालन गरिनुपर्छ।

**<u>दयारा गराउनु पर्ने समय अवधि सहित मुद्दाहरु</u>** यथोचित प्रक्रिया सुनुवाई (अनुशासनात्मक प्रक्रियाहरु संग सम्बन्धित सुनुवाई सहित) मा पत्ता लागेका कुराहरु र यसको निर्णय संग सहमत नहुने कुनै पनि पक्ष (तपाईं वा स्कुल विभाग ) संग यथोचित प्रक्रिया सुनुवाइको विषयसँग सम्बन्धित मुद्दाहरु ल्याउने अधिकार हुन्छ। सुनुवाई अधिकारीको अन्तिम निर्णय प्राप्त गरेको ९० दिन भित्रमा राज्यको सर्वोच्च अदालत वा संघीय अदालतमा सुनुवाई अधिकारीको अन्तिम निणर्यका लागि अपिल दायर गर्नु पर्छ। त्यस्ता सबै निर्णयहरु NH विभागको प्रमाणित पत्र, अनुरोध फिर्ता गरिएको रसिद द्वारा दुवै पक्षहरुलाई पठाइनेछ।

**<u>अधिवक्ता र विज्ञ साक्षीको शुल्कको भरपाई</u>** जनवरी १, २००९ देखि लागु; NH RSA 186-C:16(b)(V) बमोजिम अधिवक्ताको शुल्क भर्पाइ खोजिरहेको वा विज्ञ साक्षी शुल्क भर्पाइ खोजिरहेको 20 U.S.C. को खण्ड 1415(i)(3) अनुरुपको एउटा मुद्दा को शुरुवात RSA 186-C:16-b, IV बमोजिम अन्तिम निर्णय प्राप्त गरेको १२० दिन भित्र हुनेछ। त्यस्ता सबै निर्णयहरु प्रमाणित पत्र अनुरोध गरिएको फिर्ता रसिदद्वारा पठाइनेछ।

१. उचित प्रक्रिया उजुरीको क्रममा एउटा असक्षमता भएको बच्चाको निम्ति प्रयोग गरिएको विज्ञ साक्षी शुल्क खर्च अदालतले अभिभावकलाई भर्पाइ गर्नसक्छ जहाँ अभिभावक विजयी पक्ष भएको हुनुपर्छ र साथै स्कुलले एउटा बच्चाको व्यक्तिगत शिक्षा कार्यक्रमलाई विकाश वा कार्यान्वयन इमान्दारी साथ् नगरेको र यथोचित स्थापन नगरेको कुरा अदालतले निर्धारित गर्यो भने।

२ यदि सुनुवाई गर्ने अधिकारीले निम्न कुराहरु निर्धारण गर्यो भने अदालतले विज्ञ शुल्क भर्पाइ गर्न इन्कार वा कम गर्न सक्छ:

क) यदि अभिभावक उजुरीको निम्ति विज्ञ साक्षी एउटा आवश्यकीय तत्व थिएन भने;

ख) यदि विज्ञ साक्षीको शुल्क यसको निश्चित रकम भन्दा बढी भयो भने जुन प्रदान गरिएको सेवा र सिपको प्रकार र स्थान,

इज्जत र विज्ञ साक्षीको अनुभव को आधारमा उचित छ भने;

ग) अभिभावक वा अभिभावकको वकिल उचित सुनुवाई प्रक्रियामा विज्ञ साक्षी उपस्थित हुनु पर्छ भन्ने तिनीहरुको अभिप्राय को सूचना स्कुल विभागलाई उपलब्ध गराएनन भने।

# <u>सुनुवाई-पश्चातका विषयवस्तुहरु र अधिवक्ता शुल्कहरु</u>

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यु ह्याम्प्शायर को नियमहरु~Ed 1123.22,34 CFR 300.517 र RSA 186-C:16-b,V**

एउटा अभिभावक जो विजयी पक्ष हो (एउटा अनुकुलित फैसला प्राप्त गर्छ, वा कुनै अवस्थाहरुमा, त्यस्तो फैसला जुन प्राथमिक रुपमा अनुकुल हुन्छ) उसले या त उचित प्रक्रिया सुनुवाईमा वा सुनुवाई अधिकारीको निर्णयको अदालत को अपिल, अधिवक्ताको शुल्कको उचित भर्पाइ प्राप्त गर्नसक्छ। RSA 186-C:16-b, (V) अनुसार अभिभावकले सुनुवाई अधिकारीको निर्णय प्राप्त गरेको १२० दिन भित्रमा राज्य वा संघीय अदालतमा अधिवक्ताको शुल्कको भर्पाइका लागि अनुरोध दायर गर्नुपर्छ।

प्रदान गर्न सकिने अधिवक्ताको उचित शुल्क रकम त्यो समुदायमा प्रचलित दरमा आधारित हुन्छ जहाँ सेवा उपलब्ध गराइएको गुणको प्रकारको निम्ति मुद्दा वा सुनुवाई खडा भयो। प्रदान गरिएको शुल्कमा कुनै बोनस वा गुणकको प्रयोग हुनेछैन।

सुनुवाई अधिकारी वा अदालतको आदेश अनुसार बैठक आयोजना नभएमा <u>IEP बैठकमा</u> सहभागिताको लागि अभिभावकको अधिवक्ता शुल्कको भर्पाइ प्रदान <u>गरिनेछैन</u>। <u>समाधान सत्र</u> वा <u>मध्यस्थता</u> सहभागिताको लागि अधिवक्ताको शुल्क भर्पाइ गरिनेछैन।

मुद्दा मिलाउनको निम्ति स्कुल विभागले एउटा लिखित प्रस्ताव पेश गरिसकेको समय <u>पछि</u> एउटा अभिभावकले पाउनु पर्ने अभिभावक अधिवक्ता शुल्क र अन्य सम्बन्धित शुल्कहरुको भर्पाइ पाउनेछैन।

अभिभावकको अधिवक्ताको शुल्क निम्न अवस्थाहरुमा पाउन सकिन्छ भनि विचार गर्न सकिन्छ जब:

- सुनुवाईको शुरुवातको १० पात्रो दिनहरु भन्दा अघि स्कुल विभाग द्वारा लिखित प्रस्ताव पेश गरिएमा;
- १० पात्रो दिन भित्र अभिभावकले लिखित प्रस्ताव अस्विकार गरेमा; र
- मुद्दा मिलाउनको निम्ति पहिले दिईएको प्रस्ताव भन्दा अभिभावकलाई अन्ततः दिईएको निदान कम भएमा।

अभिभावकले सुनुवाईमा वा अदालतको अपिलमा सफलता हासिल गर्नुभएको कुरा र स्कुल विभागको मुद्दा मिलाउने प्रस्ताव स्वीकार नगर्नुको उचित कारण यदि अदालतले थाहा गर्यो भने अदालतले तपाईंको अधिवक्ताको शुल्क भर्पाइको आदेश दिन सक्छ।

अदालतले निम्न कुराहरु पत्ता लागेमा <u>अभिभावकको</u> अधिवक्ताको शुल्क रकम <u>कम</u> गर्न सक्छ:

- तपाईं वा तपाईंको अधिवक्ताले, सुनुवाई वा अदालतको अपिल को समयमा, अनुचित रुपमा विवादको अन्तिम चरणको समाधानमा ढिलाई गर्यो भने;
- यदि अधिवक्ताको शुल्कहरुको रकम भन्दा घण्टाको हिसावमा काम गर्ने अधिवक्ताको भन्दा धेरै भयो भने जो पनि समुदायमा समान प्रकारका सेवाहरु उपलब्ध गराउने तथा समान सिप, प्रतिष्ठा तथा अनुभवीहरु भए;
- सुनुवाईको प्रकार वा अदालती अपिल तथा सम्बोधित मुद्दाहरुको सम्बन्धमा बिताएका समय तथा कानूनी सेवाहरु धेरै थिए भने; वा
- अभिभावकको अधिवक्ताले उचित प्रक्रियाको अनुरोध गर्ने सुचनामा LEA लाइ उपयुक्त जानकारी उपलब्ध गराएनन भने।

तथापि, अदालतले राज्य वा स्कुल विभागले अनुचित रुपमा कार्यको समाधान वा प्रक्रियामा अनुचित रुपमा ढिलाई गरेको फेला पार्छ भने वा IDEA 204 का प्रक्रियात्मक सुरक्षा उपायका प्रावधानहरु अन्तर्गत कुनै उल्लङ्घन भएको छ भनि पत्ता लगायो भने शुल्कहरु कटौति नगर्न सक्छ।

उचित अधिवक्ता शुल्क प्रचलित राज्य शैक्षिक निकाय वा स्कुल विभागलाई प्रदान गर्न सकिन्छ।

- अभिभावकको अधिवक्ताको विरुद्धमा यदि उचित प्रक्रिया उजुरी दायर गरिएको छ वा मुद्दा पछिको कारणहरु हलुका छ, अनुचित, वा अधारहीन छ भने; वा
- अभिभावकको अधिवक्ताको विरुद्धमा जसले यो स्पष्ट संग कम्जोर, अनुचित, वा अधारहिन बनि सकेपछि पनि मुद्दालाई निरन्तरता गर्न खोजेक खण्डमा;वा
- अभिभावकको अधिवक्ता ***वा अभिभावक* को** विरुद्धमा, यदि अभिभावकको उचति प्रक्रिया उजुरी वा मुद्दा पछिको कारणहरुलाई कुनै अनुचित उदेश्यको निम्ति, जस्तै हतोत्साही गराउने, वा नचाहिदो ढिलाई गराउने, वा अनावश्यक रुपमा मुद्दा मामिलाको खर्च बढाउने कार्यको निम्ति प्रस्तुत गरेको खण्डमा

## असक्षमता भएका बालबालिकाहरुलाई अनुशासित गर्ने प्रक्रियाहरु

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यु ह्याम्प्शायरको नियमहरु ~ ED 1124**

**निष्कासन जसले स्थापनमा एउटा परिवर्तन निर्माण गर्छ** अनुशासनको समस्याको आधारमा विद्धार्थीको निष्काशन निम्न अवस्थामा हुनेछ, ***यदि***

- यदि निष्कासनहरू स्कुलको १० नियमित दिन भन्दा बढि छन भने वा
- त्यहाँ एउटा शृंखलाबद्ध निष्कासनहरु छन जसले एउटा ढाँचा नै निर्माण गर्छ कारण निष्कासन १० कुल दिन भन्दा बढी भएकोले गर्दा, कारण बच्चाको स्वभाव वास्तवमा पुर्व घटनामा बच्चाको स्वभाव वास्तविक रुपमा समान भएमा जसको कारण शृंखला बद्ध निष्कासन भएको थियो; र कारण त्यस्ता थप कारकहरुको कारण किनभने प्रत्येक निष्कासनको अवधि, बच्चालाई निष्कासन गरिएको समयको कुल मात्रा, र निष्कासन गरिएका हरुमा सामिप्यता छ भने।

जब यो हुन्छ तपाईंले प्रक्रियात्मक सुरक्षा उपायहरुको सुचनाको प्रतिलिपि प्राप्त गर्नुपर्छ । त्यसपछि तपाईंको बच्चालाई निष्कासनको लागि स्थान स्थापनमा कति परिवर्तन गर्ने बारेमा निर्णयको दश दिन भित्र IEP टिम बैठक आयोजना गरिनुपर्छ र IEP टिमले व्यवहार तपाईंको बच्चामा "प्रकट" भएको असक्षमता हो वा होइन भनि पक्का गर्नु पर्छ । IEP टिमले तपाईंको बच्चाको व्यवहार उसको/उनको असक्षमता संग सम्बन्धित छ वा छैन भन्ने कुरा निर्धारण गर्दछ। यो गर्नको लागि IEP टिमले दुइ सम्भावनाहरुलाई विचार गर्नुपर्छ:

१. चरित्र (व्यवहार) "बच्चाको असक्षमताको कारणले भएको थियो , वा त्यससंग प्रत्यक्ष र अर्थपूर्ण सम्बन्ध थियो" र

२. प्रश्न गर्दाको चरित्र(व्यवहार) " IEP टिमलाइ लागु गर्नमा स्कुल विभागको असफलताको प्रत्यक्ष परिणाम थियो। "

जब IEP टिमले त्यो व्यवहार तपाईंको बच्चाको असक्षमताको एउटा प्रकटीकरण थियो भनी निर्धारण **गर्छ**, **तब** IEP टिमले निम्न मध्य एउटा गर्ने पर्छ:

- स्कुल विभागले पहिले नै FBA संचालन नगरेको भए एउटा कार्यात्मक व्यावहारिक जाँच (FBA) गर्नु पर्छ र एउटा व्यावहारिक हस्तक्षेप योजनाको विकास गर्नुपर्छ; वा

- पहिले नै विकास गरिएको व्यावहारिक हस्तक्षेप योजनाको समिक्षा गर्नुपर्छ र व्यवहारलाई सम्बोधन गर्न आवश्यक बदलाव गर्ने।
- अभिभावक र LEA ले स्थान परिवर्तन प्रति, व्यावहारिक हस्तक्षेप योजना परिमार्जनको भागको रुपमा सहमति नजनाउँदा सम्म र "विशेष परिस्थिति" को कारणले हटाउने कार्य नहुँदा सम्म तपाईंको बच्चालाई त्यस स्थानमा फिर्ता पठाउनु पर्छ जहाँ बाट तपाईंको बच्चालाई हटाइएको थियो।

**<u>अभिव्यक्ति निर्धारण</u>** तपाईंको बच्चालाई स्थान नियोजनको परिवर्तन गर्ने गरि निलम्बन गरिएको छ र त्यसै बेला कार्यान्वयन गर्ने निर्णय लिइन्छ भने तपाईंलाई सुचित गराइनु पर्छ र प्रक्रियात्मक सुरक्षा उपायहरुको सूचना उपलब्ध गरिनु पर्छ। तुरुन्तै, तर निर्णय लिईएको १० स्कुल दिन भन्दा अघि नै IEP टोली र अन्य दक्ष अनुभवीहरु, जस्तै स्कुल मनोवैज्ञानिक, ले अभिव्यक्ति निर्धारणका लागि बैठकको आयोजना गर्नुपर्छ। यदि यसलाई पहिले गरिएको छैन भने, FBA पनि संचालन गरिनेछ र व्यवहारिक हस्तक्षेप योजनालाई विकसित गरिनेछ। यो अभियक्ति निर्धारण गरिएकै बैठकमा हुनसक्छ।

निम्न "विशेष परिस्थितिहरु" व्यवहारमा सम्मिलित भए बाहेक एउटा अभिव्यक्ति निर्धारण बैठक राखिनेछ। बच्चाले:

- स्कुल, स्कुल परिसरमा वा स्कुलको समारोहमा हतियार ल्याउने वा राख्ने कार्य गरेको खण्डमा;
- स्कुल वा स्कुलको समारोहमा नियतवश अवैध औषधिहरु राख्ने, प्रयोग गर्ने, वा बेच्ने वा वर्जित वस्तुहरुको विक्रीको लागि उक्साउने कार्य गरेको खण्डमा; वा
- स्कुल परिसरमा वा स्कुलको समारोहमा अन्य व्यक्तिलाई गम्भीर शारीरिक चोट पुर्याउने कार्य गरेको खण्डमा।

यसको अतिरिक्त, विद्धार्थीको हालको स्थानमा विद्यार्थीले आफैलाई/उनलाई गम्भीर खतरा निम्त्याउन सक्ने कारणको लागि, सुनुवाई अधिकारीले त्यस्तो विद्धार्थीलाई एउटा शिघ्र उचित सुनुवाई उजुरी संचालन द्वारा IAES मा **४५ स्कुल दिन सम्म** राख्न सक्छ।

बच्चालाई हटाउने निर्णय कसले गर्छ भन्ने कुरालाई ध्यान नदिई IAES लाई IEP टिमले निर्धारण गर्छ। IAES ले बच्चालाई साधारण पाठ्यक्रममा र अर्को व्यवस्थामा भएता पनि बच्चाको IEP को लक्ष्यहरु तर्फ प्रक्रिया जारि राख्न सक्षम गराउनु पर्छ। यो व्यवहारलाई दोहोरिन बाट रोक्ने निर्मित सेवाहरु पनि उपलब्ध छन।

IAES मा बच्चाको स्थापनको समयमा, IEP टिमले (यदि यो पहिले गरिएको छैन भने) एउटा FBA संचालन गर्नु पर्छ र एउटा सकारात्मक व्यावहारिक हस्तक्षेप योजना विकास गर्नुपर्छ। एउटा अभिव्यक्ति निर्धारण बैठक पनि संचालन गर्नु आवश्यक छ। IAES मा बिद्धार्थीहरु भएको समयमा IEP टिमले निम्न कुराहरु गर्न पाउँछ:

- विद्धार्थीलाई हालको स्थान नियोजन बाट हटाउने;
- उपयुक्त भएमा हालको IEP को उपयुक्तताको बारेमा विचार गर्ने र परिवर्तनहरुको प्रस्ताव गर्ने; तथा
- उपयुक्त भएमा दुर्घटना भएको स्थान नियोजनको उपयुक्ततालाई विचार गर्ने र परिवार्तान्हारुको प्रस्ताव गर्ने।

***परिभाषाहरु:*** <u>वर्जित वस्तुको</u> अर्थ औषधि वा खण्ड 202(c) का वर्जित वस्तु ऐन (21 USC 812(c) का अनुसुचिहरु I, II, III, IV वा V अन्तर्गत पहिचान गरिएका अन्य वस्तु हो।

<u>गैर-कानूनी औषधिको</u> अर्थ वर्जित लागुपदार्थ हो तर यसमा ऐन वा संघीय कानूनको अन्य कुनै प्रावधान वा अन्य अधिकार अन्तर्गत गैर-कानूनी रुपमा राख्ने वा प्रयोग गर्ने वस्तु समावेश हुँदैन।

<u>हतियार</u> भनेको त्यस्तो हतियार हो जसलाई शिर्षक 18, USC को खण्ड 94/30 को उपधारा (g) अनुच्छेद (2) अन्तर्गत "खतरनाक हतियार" शब्दले चिनिन्छ।

<u>गम्भीर शारीरिक चोटपटक</u> को अर्थ शिर्षक 18, USC को खण्ड 1365 को उपधारा (h) को अनुच्छेद (3) अन्तर्गत दिईएको शब्द हो।

**<u>अपिलको अधिकार</u>** तपाईं वा स्कुले विभागले एउटा अन्तरिम वैकल्पि स्थानमा उचित प्रक्रियाको अनुरोध गर्दै अभिव्यक्ति निर्धारण वा स्थापन सम्बन्धि कुनै पनि निर्णयमा अपिल गर्न सक्नुहुन्छ। तपाईं या स्कुल विभागले एउटा "शिघ्र सुनुवाई" यी समस्याहरु जति सक्दो चाडो समाधान गर्न एउटा अनुरोध गर्न सक्नुहुन्छ।

**अनुशासन संग सम्बन्धित मुद्दाहरुका लागि शिघ्र उपयुक्त प्रक्रियाको सुनुवाई** अनुशासनका मुद्दाहरुलाई शिघ्र (द्रुत) उपयुक्त प्रक्रियाको सुनुवाईमा संलग्न गर्दा:

- शिक्षा विभागद्वारा सुनुवाई अधिकारीहरुको मापदण्ड पुरा गर्ने उपयुक्त प्रक्रियाको सुनुवाई अधिकारीद्वारा संचालन गर्नुपर्दछ;
- २० स्कुल दिनभित्र आयोजना गरिनुपर्छ र १० स्कुल दिन भित्र निर्णयमा पुग्नु पर्छ;
- अन्य उपयुक्त प्रक्रियाको सुनुवाई निर्णय NH को शिक्षा विभाग द्वारा उल्लेख भए अनुसार गरिनुपर्छ। यस अपिल प्रक्रिया अवधिमा, IAES मा स्थापन गरिएको एउटा बच्चा त्यहि स्थानमा रहन्छ, जब सम्म सुनुवाई अधिकारीले उसको/उनको फैसला सुनाउदैन वा ४५ स्कुल दिन अवधि समाप्त हुँदैन। स्थानान्तरणलाई यो अवधिमा बच्चाको "स्थिर राख्ने" स्थानान्तर भनिनेछ।

यदि स्कुल विभागले बच्चा अरुहरुको सुरक्षाको निम्ति एउट खतरा हो भनि ठान्छ भने, उसले बच्चालाई "अन्तरिम" स्थानमा रहनको लागि अनुरोध गर्न सक्छ, वा IEP टिमले प्रस्तावित गरेको अन्य शैक्षिक स्थानमा उसलाई/उनलाई स्थानान्तर गर्न सक्छ। स्कुल विभागले बच्चाको फर्काइले बच्चाको वा अरुहरुको सुरक्षामा खतरा निम्त्याउदैन भनि ठान्छ भने सुनुवाईको अवधिमा बच्चा उसको/उनको पहिलेको स्थानमा फर्किन सक्छ। त्यस्तो अवस्थामा स्कुल विभागले एउटा शिघ्र सुनुवाईको अनुरोध गर्न सक्छ। यो प्रक्रिया आवश्यकता अनुसार दोहोर्याउन सकिन्छ। असक्षमता भएका बच्चालाई IAES वा सुनुवाई अधिकारीले छनौट गरेको अन्य स्थानमा सार्ने संगका विवादहरु, सुनुवाई अधिकारीले IAES मा स्थानान्तर गर्दा उसले वा उनले प्रयोग गर्ने उही प्रक्रियालाई पालना गर्नुपर्छ।

स्कुल विभागले असक्षमता भएको बच्चालाई सबै बालबालिकाहरुमा लागू हुने प्रक्रियाबाट अनुशाशित गरेको खण्डमा स्कुल विभागले यस अनुशासनात्मक कार्यको बारेमा अन्तिम निर्णय गर्ने व्यक्ति वा व्यक्तिहरुलाई विशेष शिक्षा तथा अनुशासनात्मक रेकर्डहरु पठाउनुपर्छ।

**विद्धार्थीहरु जसलाई अझै सम्म विशेष शिक्षाको लागि योग्य भनि निर्धारित गरिएको छैन** ति विद्धार्थीहरु जसलाई अझै सम्म पहिचान गरिएको छैन, तर अनुशासनात्मक प्रक्रियाहरुमा संग्लग्न छन भने मात्रै, र स्कुल विभागलाई बच्चा असक्षमता भएको बच्चा हो भन्ने ज्ञान भएको अवस्थामा मात्रै यस खण्डमा व्याख्या गरिएको सुरक्षाहरु लागू हुनेछ किनभने:

- अभिभावकले आफ्नो बच्चालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाहरुको आवश्यकता पर्छ भनि, लिखित रुपमा स्कुल कर्मचारी समक्ष चिन्ता व्यक्त गरेको हुनाले;
- बच्चाको अभिभावकले आफ्नो बच्चाको मुल्याङ्कनको लागि अनुरोध गरेको हुनाले;
- शिक्षक (वा अन्य स्कुल विभागका कर्मचारी)ले स्कुल विभागको बच्चा खोज(Child Find) वा सन्दर्भ प्रणाली(Referral System) अनुसार विशेष शिक्षा निर्देशक वा अन्य निरिक्षणात्मक कर्मचारी समक्ष बच्चाको व्यवहार वा कार्यसम्पादनको व्यहोरा सम्बन्धित चिन्ता व्यक्त गरेको हुनाले।

**अनुशासनात्मक प्रक्रिया अवधिमा मुल्याङ्कन** यदि तपाईंले अनुशासनात्मक प्रक्रियाको अवधिमा आफ्नो बच्चाको लागि मुल्याङ्कनहरुको अनुरोध गर्नु भयो भने मुल्याङ्कनहरुलाई सम्भव भएसम्म शिघ्र(द्रुत) संचालन गरिनुपर्छ र तपाईंको बच्चा त्यहि शैक्षिक स्थानमा रहने छ जुन मुलभूत निलम्बन को अवधिमा शैक्षिक अधिकारीहरुले निर्धारण गरेका थिए, जसमा शैक्षिक सेवाहरु विना निलम्बन वा निष्कासन समावेश हुन सक्छ। यदि तपाईंको बच्चा असक्षम भनि थाहा गरिन्छ भने स्कुल विभागले अपिलहरु र/वा अन्तरिम वैकल्पिक शैक्षिक वातावरण(IAES) को अवधिको समय सहित विशेष शिक्षा तथा सम्बन्धित सेवाहरु उपलब्ध गराउनुपर्छ।

**कानून प्रवर्तन र न्यायिक अधिकारिलाई सिफारिस तथा त्यसक पहल** IDEA 2004 ले निकायलाई असक्षमता भएको बच्चा द्वारा गरिएको उपयुक्त अधिकारीहरुलाई रिपोर्ट गर्न प्रतिबन्ध लगाउँदैन वा राज्य कानून प्रवर्तन तथा न्यायिक अधिकारीहरुलाई आफ्ना राज्य तथा संघिय कानूनका आवेदनका उत्तरदायित्वहरु पालना गर्न रोक लगाउँदैन।

# सिमाहरुको विधान

उचित प्रक्रिया सुनुवाईहरु, राज्य तथा संघिय अदालतमा अपिलहरु, र अधिवक्ताको शुल्कको भर्पाइ र तपाईंले तिर्नु भएको एकतर्फी स्थानान्तरण ट्युशन शुल्क भर्पाइमा संग्लंग कार्यवाहीहरुमा राज्य कानूनले निश्चित समय सिमा लागू गर्छ जसलाई "सिमाहरुको विधानहरु" भनिन्छ।

***अभिभावक वा स्कुल विभाग समय सीमाहरुको पालना गर्न असफल भएको खण्डमा तिनीहरुले उपयुक्त प्रक्रियाको सनुवाईको वा सुनुवाई अधिकारीको अदालती निर्णयको अपिल गर्ने अधिकार गुमाउनेछन।***

निम्न लिखित कुराहरु महत्वपूर्ण समय सीमाहरुको संक्षिप्त सुची हो:

- अभिभावकले आरोप लगाइएको उल्लङ्घन पत्ता लागेको वा यथोचित रुपमा पत्ता लगाइनु पर्ने समयको २ वर्ष भित्र अभिभावकले एउटा उचित प्रक्रिया सुनुवाईको अनुरोध गर्नुपर्छ;
- अभिभावकले एकपक्षीय स्थानान्तरणका लागतहरु पुनः प्राप्त गर्नका लागि एकपक्षीय स्थानान्तरणको ९० दिन भित्र उचित प्रक्रियाको सुनुवाइको अनुरोध गर्नुपर्छ;
- अभिभावकले आफ्नो अधिवक्ताको शुल्क तथा उचित अदालती शुल्कहरु पुनः प्राप्त गर्नका लागि *सुनुवाई अधिकारीको* अन्तिम निर्णय प्राप्तिको १२० दिनभित्र राज्यको उच्च अदालत वा संघिय अदालतमा कुनै पनि कार्यवाही दायर गर्नुपर्छ। त्यस्ता सबै निर्णयहरु *दुबै पक्षहरुको* प्रमाणित मेलमा रसिद फिर्ता अनुरोध *शिक्षा विभागले* पठाउनेछ।

# सार्वजनिक खर्चमा निजि स्कुलका बालबालिकाका अभिभावकहरु द्वारा एकपक्षीय स्थानान्तरणको निम्ति आवश्यकताहरु

**असक्षमता भएका बालबालिकाहरुको शिक्षाको लागि न्यु ह्याम्प्शायर नियमहरु ~ Ed 1112**

यदि स्कुल विभागले तपाईंको बच्चाको लागि एउटा निशुल्क उचित निजि शिक्षा (FAPE) उपलब्ध गरायो भने र यदी तपाईं आफ्नो बच्चालाई एउटा निजि स्कुलमा राख्न चाहनु भयो भने तब स्कुल विभागले तपाईंलाई विशेष शिक्षा र सम्बन्धित सेवाहरु लगयात शिक्षाको खर्च तिर्न आवश्यक छैन। तर, जहाँ निजि स्कुल अवस्थित छ त्यहाँ स्कुल विभागले तपाईंको बच्चालाई ति विद्धार्थीहरुको संख्याको साथमा समावेश गर्नुपर्छ जसको आवश्यकताहरु IDEA 2004 अन्तर्गतका व्यवस्थाहरुमा निजि विद्धालयमा भर्ना गराएका अभिभावकका बालबालिकाहरु को विषयमा सम्बोधन गरिएका छन। यी बालबालिकाहरुले विशेष शिक्षाको निम्ति स्कुल विभागको खर्च प्राप्त गर्न पाउनेछैनन। IDEA 2004 अन्तर्गत, समान सेवाहरु निर्धारण गर्ने उत्तरदायित्व अब निजि विद्धालय सहित कुल विभागलाई पर्छ र तपाईं र तपाईंको बच्चाको बसोबास गर्ने क्षेत्रको स्कुल विभागमा पर्दैन।

सार्वजनिक स्कुल विभागको निम्ति अनेक प्रक्रियाहरु अब संघीय कानूनले माग गर्छ ल आफ्नो भौगोलिक सिमा भित्र भएका कुनै पनि निजि स्कुल(हरु) संग त्यस निजि स्कुलका अधिकारीहरु र ति निजि स्कुलहरु गईरहेका असक्षमता भएका बालबालिकाहरुका अभिभावक प्रतिनिधिहरु संग विचार विमर्श गर्नु पर्ने माग IDEA 2004 ले एउटा स्कुल विभागलाई गर्नसक्छ। अर्थपूर्ण परामर्शमा आधारित भएर, निजि स्कुल(हरु) स्थित स्कूल विभागले सो समुहका बालबालिकाको लागि निर्धारित IDEA 2004 कोषहरु कसरि खर्च गर्ने भनि योजना बनाउनु पर्छ, त्यो एउटा, अभिभावकहरु संग बसेका केहि वा सबै बालबालिकाहरुले निजी स्कुलमा उपस्थित हुँदा केहि समान विशेष शिक्षा सेवाहरु प्राप्त गर्न सक्नुहुन्छ। अभिभाकहरु संग बसेका निजी स्कुलका असक्षमता भएका बच्चालाई प्रदान गरिएका न्यायोचित सेवाहरु, जुन उनीहरुले प्राप्त गर्नको लागि जिल्लाहरु द्वारा निर्मित सेवा योजनाको (SP) मा व्याख्या गरिएको हुनुपर्छ।

विद्धार्थीको LRE मा IDEA 2004 को मागहरु अनुरुप FAPE को निम्ति योग्यता यथावत रहनेछ, र कुनै पनि समय बच्चा बसोबास गरेको स्कुल विभागको सार्वजनिक व्यवस्था भित्र प्रवेश गर्न सक्नेछ र त्यस पछि मात्रै बसोबास गरेको क्षेत्रको स्कुल विभाग मार्फत IEP का सम्पूर्ण सेवाहरु प्राप्त गर्न योग्य हुन्छ।

**FAPE एउटा समस्या हुँदा स्थानान्तरण** जहाँ तपाईं र तपाईंको बच्चा बस्नु हुन्छ त्यो त्यो स्कुल विभागले तपाईंको बच्चाको निम्ति FAPE उपलब्ध नगराएको तपाईंले ठान्नु भयो भने, तपाईंले कार्यक्रमको लागि स्कुल विभाग (बसोबास क्षेत्रको स्कुल विभाग) लाई भुक्तानी प्राप्त गर्ने प्रयत्न गर्नको लागि निष्पक्ष उचित प्रक्रियाको सुनुवाईको लागि मुद्दा दायर गर्नसक्नु हुन्छ। यो विकल्प त्यस्ता बच्चाका अभिभावकहरुका लागि उपलब्ध हुन्छ जसले पहिले नै आफु बसोबास गर्ने क्षेत्र(स्थानान्तर टोलि द्वारा छनौट गरिएको निजी कार्यक्रम भएता पनि) को सार्वजनिक स्कुल **मार्फत** विशेष शिक्षा तथा सम्बन्धित सेवाहरु प्राप्त गरिसकेको थियो। सुनुवाई अधिकारी वा अदालतले बच्चा बसोबास गर्ने स्कुल विभागले निजी कार्यक्रममा बच्चाको भर्ना हुनु पुर्व समयोचित रुपमा बच्चालाई FAPE उपलब्ध गराएको छैन भने सुनुवाई अधिकारी वा अदालतले बसोबास क्षेत्रको स्कुल विभागलाई उक्त भर्नाको पूर्ण वा आंशिक शुल्क भर्पाइ गर्न आवश्यक गराउन सक्छ।

*अभिभावकीय स्थानान्तरणले राज्य वा स्थानीय शिक्षा विभाग द्वारा उपलब्ध गराइएको राज्य स्तर को मापदण्ड पुरा गरेन भने पनि सुनुवाई अधिकारीले त्यस अभिभावकीय स्थानान्तरणलाई उचित ठहराउन सक्छ।*

**भर्पाइको सिमाहरु** "एकपक्षीय" अभिभावक स्थानान्तर भर्पाइको खर्च निम्न अवस्थामा घटाइनु वा अस्विकार हुनसक्छ:

- तपाईंको बच्चालाई सार्वजनिक स्कुल स्थानान्तर बाट हटाउनु भन्दा अघि बसोबासको क्षेत्रको स्कुल विभागमा जहाँ तपाईं सहभागी हुनुभएको सबै भन्दा पछिल्लो IEP टिम मिटिङ्ग मा, यदि तपाईंले IEP टोलीलाई आफ्नो बच्चालाई FAPE प्रदान गर्न सार्वजनिक निकायले प्रस्ताव गरेको स्थानान्तरलाई तपाईंले अस्विकार गर्नुभएको कुरा तपाईंले सुचित गराउनु भएन भने, जसमा सार्वजनिक खर्चमा एउटा निजी स्कुलमा तपाईंले आफ्नो बच्चालाई भर्ना गराउने तपाईंको चिन्ता र विचार पनि व्यक्त छ; वा सार्वजनिक स्कुल स्थापन बाट तपाईंको बच्चालाई हटाउनु भन्दा कम्तिमा १० कामकाजको दिनहरु(कामकाजको दिन भित्र पर्ने कुनै पनि विदा लगायत) भन्दा अघि, तपाईंले आफ्नो बच्चालाई निकाल्ने आफ्नो विचारको लिखित सूचना दिनुभएन भने;
- तपाईंको बच्चालाई सार्वजनिक स्कुलको भर्ना बाट हटाउन भन्दा अघि, स्कुल विभागले तपाईंको बच्चालाई मुल्याङ्कन गरेन अभिप्रायको बारेमा सुचित गर्दा पनि तपाईंले आफ्नो बच्चालाई मुल्याङ्कनको लागि ल्याउनु भएन भने; वा
- अदालतले तपाईंको कार्यहरु अनुचित भएको ठहर गरेमा।

तरैपनि, यो सूचना उपलब्ध गराउन असफल भए तापनि निम्न अवस्थामा भरपाईको रकम घट्ने वा अस्विकार गरिनेछैन यदि:

- स्कुलले सूचना उपलब्ध गराउन बाट तपाईंलाई बन्चित गर्यो भने;
- तपाईंले यी सूचना आवश्यकताहरुको सूचना प्राप्त नगर्नु भएको खण्डमा; वा
- सूचना आवश्यकताहरु पालन गर्दा बच्चालाई शारीरिक जोखिम पर्न सक्ने देखिएमा; र अदालत वा सुनुवाई गर्ने अधिकारीको सावधानीमा, माग गरिएको सूचना उपलब्ध गराउन असफल हुनुभए तापनि घटाइने वा अस्विकार गरिनेछैन
- तपाईं अशिक्षित हुनुहुन्छ र अंग्रेजीमा लेख्न सक्नु हुन्न; र/वा
- सूचनाको मागको पालना गर्नाले बच्चालाई गम्भीर भावनात्मक चोट पुग्न सक्ने देखिएमा।

एकपक्षीय स्थानान्तरको अवस्थामा, स्कुल विभागलाई बच्चाको मुल्याङ्कन गर्ने र एउटा IEP विकास गर्ने उचित मौका नदिईएको खण्डमा, स्कूल विभागलाई बच्चाको मुल्याङ्कन गर्ने र IEP विकास गर्ने एउटा मौका नदिईए सम्म तपाईंले भर्पाइको खोजि गर्नु हुनेछैन।

# निशुल्क वा कम खर्चिलो सहायता/श्रोतहरु

विशेष शिक्षा र विशेष शिक्षा प्रक्रिया अन्तर्गत तिनीहरुको अधिकारहरु तपाईंलाई बुझ्न र प्राप्त गर्न तपाईंलाई सहायता पुर्याउन नि:शुल्क तथा कम खर्चिलो सेवाहरु उपलब्ध छन्। यस्तो सहायता उपलब्ध गराउन सक्ने केहि निकायहरु को सुची तल दिईएको छ।

**स्कुल विभागको निम्ति विशेष शिक्षा निर्देशक**

*(स्कुल विभागले निशुल्क तथा कम खर्चिलो कानूनी श्रोतहरुको सुची कायम राख्नुपर्छ जसले स्थानीय श्रोतहरु समावेश गर्छन्)*

Bureau of Special Education (विशेष शिक्षा ब्युरो)
New Hampshire Department of Education (न्यु ह्याम्प्शायर शिक्षा विभाग)
101 Pleasant Street
Concord, New Hampshire 03301-3860
टेलिफोन :( 603) 271-3741
फ्याक्स: (603) 271-1099
इमेल: Barbara.Raymond@doe.nh.gov

Disabilities Right Center, Inc. (असक्षमता अधिकार केन्द्र, इन्कर्पोरेशन)
P.O. Box 3660
Concord, New Hampshire 03301
टेलिफोन: (603) 228-0432 वा 1-800-834-1721
फ्याक्स: (603) 225-2077
इमेल: advocacy@drcnh.org

New Hampshire Bar Association/Pro Bono (न्यु ह्याम्प्शायर बार एशोसिएशन/ प्रो बोनो)
112 Pleasant Street
Concord, New Hampshire 03301
टेलिफोन: (603) 224-6942 वा 1-800-852-3799
*(भर्ना असक्षमता अधिकार केन्द्र मार्फत हुन्छ)*

Parent Information Center (PIC) (अभिभावक जानकारी केन्द्र)
54 Old Suncook Road
Concord, New Hampshire 03301
(603) 224-7005 वा 1-800-947-7005
फ्याक्स: (603) 224-4365
वेबसाइट (कर्मचारीको इमेलमा जडान हुन्छ): www.parentinformationcenter.org

अभिभावक जानकारी केन्द्रले "विशेष शिक्षा प्रक्रियाका चरणहरु" नामको एउटा निशुल्क पर्चा उपलब्ध गराउँछ जसले विशेष शिक्षा प्रक्रिया र कानूनहरुको विषयमा विवरणहरु उपलब्ध गराउँछ।

नोट: *अतिरिक्त जानकारी आफ्नो स्थानीय स्कुल विभाग, NH शिक्षा विभागमा (603) 271-3741 मा सम्पर्क गरेर वा NH शिक्षा विभागको यस वेबसाइट बाट प्राप्त गर्न सकिन्छ:*
http://www.education.nh.gov/instruction/special_ed/index.htm

## दिनहरुको परिभाषा र "दिनहरु" को प्रकार

### *असक्षमता भएका बालबालिकाहरुको*
### *शिक्षाका लागि न्यु ह्याम्प्शायर नियमहरुमा प्रयोग हुने दिनका प्रकारहरु*

"दिन" लाई IDEA को खण्ड 300.9 मा निम्न अनुसार परिभाषित गरिएको छ:

(क) व्यवसाय दिन वा स्कुल दिन भनि उल्लेख गरिएको बाहेकको अवस्थामा दिन को अर्थ पात्रो दिन भन्ने हुन्छ;

(ख) व्यवसाय दिनको अर्थ संघिय र राज्य विदाहरु बाहेक(खण्ड 300.403(d)(1)(ii) मा भएको जस्तै विदाहरु खासगरी व्यवसाय दिनको नाममा समावेश नभए सम्म) सोमबार देखि शुक्रबार भन्ने हुन्छ; र

(ग) (1) स्कुल दिन भन्नाले बालबालिकाहरु शैक्षिक उदेश्यहरुका लागि स्कुलमा उपस्थित हुने आंशिक दिन सहितको कुनै पनि दिन हो।

| **पात्रो दिन** | |
|---|---|
| **दिनहरु** | |
| ६० | मुल्याङ्कन पुरा भयो- **Ed 1107.01(c)-(d)** |
| ३० | योग्यताको निर्धारणको ३० दिन भित्र एउटा प्रारम्भिक IEP को विकास गर्न बैठक आयोजना गरिन्छ- **34 CFR 300.323(c)(1)-(2)** |
| १० | LEA द्वारा अभिभावकहरुलाई दिईएको IEP टिमको बैठकको लिखित सूचना - **Ed 1103.02(a)** |
| ५ | LEA द्वारा अभिभावकहरुलाई दिईएको बैठकको लिखित सूचना- अभिव्यक्ति निर्धारण बैठक- **Ed 1103.02(a)** |
| १० | LEA ले -विशेष शिक्षा निर्देशकलाई गृह- निर्देशको निरन्तरतालाई सहयता गर्नका कागजात पेश गर्ने मितिको ४६ दिन भन्दा अघि-**Ed 1111.05(h)** |
| ४५ | LEA द्वारा लागुपदार्थ तथा हतियारहरुको IAES मा स्थानान्तरको परिवर्तनको अवधि- **Ed 1124.01** |
| ४५ | सुरक्षाको कारण सुनुवाई अधिकारी द्वारा IAES मा स्थानान्तरको परिवर्तनको अवधि- **Ed 1124.01** |
| ४५ | शिघ्र सुनुवाईमा ४५ दिन भित्र सबै पक्षहरुलाई निणर्य पत्राचार गरिन्छ - **Ed 1123.25** |
| ३० | सिफारिसको ३० दिन भित्र LEA द्वारा प्रतिनिधिको आवश्यकता निर्धारण - **Ed 1115.03(g)** |
| ३० | शिक्षा आयुक्त द्वारा गरिएको अनुसन्धान पश्चात अभिभावक प्रतिनिधि को नियुक्ति समाप्ति- **Ed 1115.05(d)** |
| ३० | DoE द्वारा LEA लाई लिखित सूचना र प्रतिनिधि अभिभावकले प्रतिनिधि अभिभावकको सम्बन्ध समाप्ति - **Ed 1115.05(d)** |
| ५५ | अभिभावकले प्रतिनिधि नियुक्तिको विरोध गर्छ भने, ५५ दिन भित्र निर्णय गरिनेछ- **Ed 115.09(b)(2)** |
| १४ | अभिभावकहरुले सहमतिका लागि LEA द्वारा WPN मा पत्राचार गरिएको मितिमा प्रक्रिया जनाउनु पर्ने दिन- **Ed 1120.03(a)** |
| १४ | अभिभावकहरुले सहमतिका लागि LEA बाट WPN को LEA रसिद द्वारा पत्राचार गरिएको मितिमा प्रतिक्रिया जनाउनु पर्ने दिन- **Ed 1120.04(c)** |
| १४ | यदि अभिभावक सहमतिको अनुरोधका लागि प्रतिक्रिया जनाउन असफल हुन्छन भने LEA ले प्रस्तावित परिवर्तन गर्न सक्ने |

| | |
|---|---|
| | समयपछिको दिन- **Ed 1120.06(a)** |
| ६० | उजुरी समाधान समय सीमा-**Ed 1121.02(e)** |
| ९५ | पुनर्विचारको लागि अनुरोध गरिएमा उजुरीको समाधान- **Ed 1121.04** |
| २० | १० दिन भित्र आयुक्त पुनर्विचार उजुरी परिणाम अनुरोध गर्नुहोस- **Ed 1121.04(a)** |
| १५ | आयुक्तले उजुरीको पुनर्विचार पुरा गर्नेछ - **Ed 1121.04(b)** |
| ५ | मध्यस्थतामा आउनेको सूचना- **RSA 186-C:24 I(b)** |
| ३० | मध्यस्थता अनुरोधको ३० दिन भित्र संचालन गरिन्छ- **RSA 186-C:24 II(b)** |
| १० | मध्यस्थताको अघि पक्षहरुले आफ्नो मुद्दाको महत्वपूर्ण पक्षहरु पेश गर्छन- **ED 205.03(h)** |
| ३० | मध्यस्थकर्तालि विधानको कार्यालयमा प्रतिवेदन दिन्छन र शुरुको मध्यस्थता सत्रको ३० दिन भित्र मध्यस्थताको अवस्थाको सुनुवाई गर्छन- **ED 205.03(m)** |
| ५ | तटस्थ सम्मेलन मध्यस्थताको अघि पक्षहरुले आफ्नो मुद्दाको महत्वपूर्ण पक्षको सारांश पेश गर्छन- **RSA 186:C:23-b II(a)** |
| १२० | सुनुवाइको बाँकी  प्रक्रियाको अपिल १२० दिन भित्र गरिन्छ- RSA 186-C:16-b IV-V |
| ५ | सुनुवाइको बाँकी प्रक्रिया भन्दा अघि पक्ष द्वारा तथ्यहरुको प्रस्तावित कथनहरुको साटफेर- **Ed 1123.15(b)** |
| ३० | ३० दिनभित्र सुनुवाईको बाँकी प्रक्रियाको पूर्ण लागू- **Ed 1123.22(a)** |
| ९० | विधान कार्यालयमा सुनुवाई अधिकारीको निर्णयको कार्यवाही व्याख्याको सुनुवाईहरु लिखित प्रतिवेदन दिने- **Ed 1123.22(b)** |
| २० | शिघ्र सुनुवाईको पहिलो दिन अनुरोध गरिएको १४ दिनभित्र हुन्छ- **Ed 1123.25(c)(2)** |
| २० | प्रवेश गरिनु पर्ने कार्यको २० दिनभित्र NHSEIS मा जानकारी प्रवेश गर्नको लागि LEA उत्तरदायी हुन्छ- **Ed 1126.07** |
| **स्कुल दिनहरु** | |
| १० | अनुशासनात्मक निष्कासनको पहिलो १० दिन भित्र कुनै पनि सेवाहरु हुन्न (सक्षम विद्धार्थीहरुको लागि कुनै सेवाहरु प्रदान गरिएन भने)- **Ed 1124.01** |
| १० | लगातार अनुशासनको निष्कासनको दिनहरु=स्थापन परिवर्तन- **Ed 1124.01- Ed 1124.02** |
| १८० | स्कुल वर्षमा हुने दिनहरु=स्कुल वर्ष- **RSA 189:1** |
| १०+ | अनुशासनमा निष्कासनको संचित दिनहरु- **Ed 1124.01** |
| १० | स्थानान्तर परिवर्तनको निर्णयको दिनबाट १० स्कुल दिन भित्र जिल्लाले अभिव्यक्ति निर्धारण समिक्षा संचालन गर्नुपर्छ- **Ed 1124.01 (34 CFR 300.530(e))** |
| ४५ | निर्णयहरु पुगेको र DPH मा पक्षहरुलाई पत्राचार गरिएको दिनहरु (अनुपस्थिति र विस्तार छुट छ)- **Ed 1123.18(e)** |
| दिनहरुको # कुनै सेट छैन | निलम्बन/निष्कासनको १० दिन देखिको अवधिमा - FAPE प्रदान गरिन्छ- **Ed 1123.01- Ed 1123.02** |
| **व्यवसाय दिनहरु** | |
| १० | सार्वजनिक खर्चमा बच्चालाई निजी स्कुलमा निष्कासन गर्ने पुर्व सूचना( व्यवसाय दिनहरुमा पर्ने विदाहरु सहित)- **Ed 112.02(34 CFR 2000.148(d)(I)(III)** |
| २ | शिघ्र सुनुवाई- DPH मा अन्य पक्ष द्वारा खुलासा नगरिएका नयाँ प्रमाणको सिमित अन्तर्वार्ता-**Ed 1123.25(g)** |
| २ | शिघ्र DPH मा पहिलो दिन भन्दा अघि प्रमाणको परिवर्तन- **Ed 1123.25(g)** |
| ५ | नियमित DPH मा पहिलो दिन भन्दा अघि प्रमाणको परिवर्तन- **Ed 1123.15(b)** |
| ५ | DPH मा अन्य पक्ष द्वारा खुलासा नगरिएका नयाँ प्रमाणको सिमित अन्तर्वार्ता- **Ed 1123.17(c)(3)** |
| १० | स्थापन बाट एउटा अनुशासनात्मक निष्कासनको बढीमा १० दिन भित्र IEP टिम भेट्छ- **Ed 1124.01** |
| ५ | ADP सुनुवाईको पहिलो दिन भन्दा पुर्व प्रस्तावित कथनको तथ्यहरुमा चिन्ह लगाई- **Ed 1123.15(b)** |
| १५ | सिफारिस प्राप्त पछि सिफारिस गरिएको बैठकको अवस्था- **Ed 1106.01(d)-(e)** |

## परिवर्णी शब्द

निम्न लिखित सुची विशेष शिक्षा प्रक्रिया र विशेष शिक्षा कानूनहरु/अधिकारहरुका सम्बन्धमा प्रयोग गरिएको परिवर्णी शब्दहरुको सुची हो। सूचीबद्ध गरिएका सबै परिवर्णी शब्दहरु यो पुस्तिकामा समावेश गरिएको छैन। यसलाई पूर्ण सूचीको रुपमा बुझ्नु हुँदैन तर तपाईंलाई विशेष शिक्षा सामग्रीहरुको बुझाइमा सहायता दिने साधनको रुपमा बुझ्नु पर्छ।

| परिवर्णी शब्द | विषय |
|---|---|
| ABA | लागू गरिएको व्यावहारिक विश्लेषण |
| ADA | असक्षमता भएका अमेरिकीहरुको ऐन |
| ADD/ADHD | ध्यान कमिको अनियमितता/ उच्च क्रियाशीलताको अनियमितता |
| APE | अनुकुलित शारीरिक शिक्षा |
| ASL | अमेरिकी सांकेतिक भाषा |
| AT(S) | सहायक प्राविधिक (सेवाहरु) |
| CAPD | केन्द्रिय अडिटरि प्रक्रिया असन्तुलन |
| CASA | अदालतले नियुक्त गरेको विशेष अधिवक्ता |
| CEC | विशिष्ट बालबालिकाको निम्ति परिषद |
| CF | श्वास ग्रन्थि संक्रमण |
| CFR | संघिय नियमन आचार संहिता |
| CHINS | सेवाहरुको आवश्यकतामा बालबालिका |
| CMHC | सामुदायिक मानसिक स्वास्थ्य केन्द्रहरु |
| CP | मस्तिष्क पक्षघात |
| DD | विकसात्मक ढिलाई (९ मार्फत जन्म)/ विकसात्मक असक्षमता |
| DDC | विकासत्मक असक्षमहरुको परिषद |
| DHHS | स्वास्थ्य तथा मानव सेवाहरुको विभाग |
| DOE | शिक्षा विभाग |
| DRC | असक्षमता भएकाहरुको अधिकारको केन्द्र |
| DCYF | बालबालिका, युवा तथा परिवारको विभाग |
| DS | डाउन सिन्ड्रोम |
| DP | उपयुक्त प्रक्रिया |
| ED | भावनात्मक कठिनाई |
| EI | प्रारम्भिक हस्तक्षेप |
| EIN | प्रारम्भिक हस्तक्षेप संजाल |
| ELL | अंग्रेजी भाषाको विद्धार्थी |
| ESSA | सबै विद्धार्थी सफल ऐन |
| ESL | दोश्रो भाषाको रुपमा अंग्रेजी भाषा |
| ESY | विस्तारित स्कुल वर्ष |
| FAPE | निशुल्क र उचित सार्वजनिक शिक्षा |
| FAS | भ्रूण सम्बन्धि मदिरा लक्षण |
| FBA | कार्यात्मक व्यवहार मुल्याङ्कन |
| FCESS | परिवार केन्द्रित प्रारम्भिक सहायता र सेवाहरु |
| FERPA | पारिवारिक शैक्षिक अधिकार तथा गोपनियता ऐन |
| HI | श्रवण शक्तिमा कठिनाइ |
| ID | बौद्धिक असक्षमता |
| IDEA 2004 | असक्षमता भएका व्यक्तिहरुको ऐन २००४ |
| IEE | स्वतन्त्र शैक्षिक मुल्याङ्कन |
| IEP | वैयक्तिक शिक्षा कार्यक्रम |
| IFSP | वैयक्तिक परिवार सहायता योजना |
| IQ | बौद्धिक प्रश्न |

| | |
|---|---|
| LD | सिकाइ असक्षमता |
| LEA | स्थानीय शिक्षा निकाय |
| LEP | सिमित अंग्रेजी कुशलता |
| LRE | न्युनतम प्रतिबन्धित वातावरण |
| MD | मांशपेसी दुर्विकास(रोग) |
| NF | न्युरो फ़ाइब्रोसिस |
| NHSEIS | न्यु ह्याम्प्शायर विशेष शिक्षा जानकारी प्रणाली |
| NVLD/NLD | गैर-मौखिक अध्यन असक्षमता |
| OCD | अत्याधिक जिद्दी स्वभाव |
| OCR | नागरिक अधिकार कार्यालय |
| ODD | विपक्षी विद्रोही असन्तुलन |
| OHI | स्वास्थ्य सम्बन्धि अन्य दुर्बलता |
| OSEP | विशेष शिक्षा कार्यक्रमहरुको कार्यालय |
| OT | पेशागत थेरापी |
| PBIS | सकारात्मक व्यवहारिक हस्तक्षेपहरु र सहायताहरु |
| PDD | व्यापक विकसात्मक असन्तुलन |
| PDD/NOS | व्यापक विकसात्मक असन्तुलन, अन्यथा नखुलाइएको |
| PIC | अभिभावक जानकारी केन्द्र |
| PTI | अभिभावक प्रशिक्षण तथा जानकारी केन्द्र |
| PL | नागरिक कानून |
| PT | शारीरिक थेरापी |
| PTSD | पिडा पश्चात उत्पन्न तनाव असन्तुलन |
| RAD | प्रतिक्रियाशील संग्लग्नता असन्तुलन |
| RSA | परिमार्जित विधानको टिप्पणी |
| SEA | राज्य शिक्षा निकाय |
| SAC | राज्य सुझाव समिति |
| SAIF | बौद्धिक कार्य संचालनको मुल्याङ्कनमा विशेषज्ञ |
| SAU | स्कुल प्रशासनिक ईकाई |
| SI | ज्ञानेन्द्रिय अनुकूलित |
| SLD | विशेष अध्ययन असक्षमता |
| SLP | बोलीचाली तथा भाषा चिकित्षक |
| SLS | बोलीचाली तथा भाषा विशेषज्ञ |
| SP | सेवा योजना |
| SS | मापन गरिएको अंक |
| SS | स्तरीय अंक |
| SSI | पुरक सुरक्षा आम्दानी |
| SSDI | सामाजिक सुरक्षा असक्षमता आम्दानी |
| TBI | आघातमुलक मस्तिष्कको चोट |
| TTD/TTY | टेलि-टाइप राइटिङ्ग डिभाइस |
| VR | व्यवसायिक पुनर्वास |
| WAIS | वयस्क वेस्लर बौद्धिक मापन |
| WISC | बालबालिकाको निम्ति वेस्लर बौद्धिक मापन |
| WPN | पुर्व लिखित सूचना |
| WPPSI | वेस्लर प्रि स्कुल र बौद्धिकताको प्राथमिक मापन |

## परिशिष्ट क:
## नागरिक भत्ता वा बीमाको प्रयोगको सम्बन्धमा लिखित सूचना

**<u>नागरिक भत्ताहरु तथा बिमाको प्रयोग सम्बन्धि लिखित सूचना</u>**

आदरणीय आमाबुवा तथा अभिभावक,

तपाईंको वा बच्चाको नागरिक भत्ता वा बिमाको प्रयोगको सम्बन्धमा, संघिय विशेष शिक्षा कानून, वैयक्तिक असक्षमता शिक्षा ऐन(IDEA) अन्तर्गत तपाईंको अधिकारहरु र पाउने सुरक्षाहरुको विषयमा जानकारी गराउनको निम्ति तपाईंले यो लिखित सूचना पाउनु भएको छ। न्यु ह्याम्प्शायरमा "नागरिक भत्ता वा बिमा" मेडीक एड (स्वास्थ्य सहायता) हो, जुन व्यवस्थित स्याहार संस्था मार्फत मेडिक एड योजनाहरु लगायत स्कुलहरुको कार्यक्रमको निम्ति राज्यको मेडिक एडहरु बाट उपलब्ध गराइएको छ। स्कुलहरुको कार्यक्रमको निम्ति मेडिक एड मार्फत, NH स्कुल विभागहरुले प्रत्येक वर्ष राज्य व्यापी रुपमा लाखौं डलर प्राप्त गर्छन अन्यथा त्यो राज्य बाट वा स्थानीय दाता श्रोतहरु बाट आउनु पर्ने थियो।

IDEA कोषले तपाईंको बच्चाको विशेष शिक्षा र सम्बन्धित सेवाहरुको निम्ति एउटा भाग भुक्तान गरिदिन्छ। नागरिक भत्ताहरु वा बिमा योजनाहरुको कोष, NH मेडिक एडमा तपाईंको स्कुल विभागले तपाईंको बच्चाको IEP को आधारमा विशेष शिक्षा र सम्बन्धित सेवाहरुको शुल्क तिर्न सहायता गर्न प्रयोग गर्न सक्छ, तर तपाईंले आफ्नो सहमति उपलब्ध गराउनु भएको खण्डमा मात्रै। स्कुल विभागले तपाईंको बच्चाको मेडिक एड भत्ताहरु प्रयोग गर्न सक्दैन, यदि यसको नतिजा तपाईंको भत्तामा कमि आउँछ वा तपाईंको प्रिमियममा वृद्धि हुन्छ भने।

स्कुल विभाग तपाईंको बच्चाले उसको/उनको IEP मा भएको सम्पूर्ण सेवाहरु प्राप्त गरोस भनि निश्चित गर्न जिम्मेवार हुन्छ, चाहे तपाईंले स्कुल विभागलाई तपाईंको बच्चाको नागरिक बिमा वा भत्ता प्रयोग गर्नको निम्ति मन्जुरी दिनुहोस् वा नदिनुहोस। यदि तपाईंले मन्जुरी दिनु भएन वा दिई सकेपछि त्यो फिर्ता लिनु भयो भने, तपाईं को बच्चाको सेवाहरु प्रभावित हुनेछैन; तपाईंको बच्चाको IEP मा भएको सम्पूर्ण सेवाहरु निरन्तर उपलब्ध गरिनेछ। तपाईंले आफ्नो बच्चाको लागि विशेष शिक्षा सेवाहरु प्राप्त गर्नको लागि मेडिक एडमा भर्ना गर्नको निम्ति पनि आवेदन दिईरहन पर्दैन।

### लिखित सूचना कहिले उपलब्ध गराइन्छ

तपाईंको स्कुल विभागले तपाईंलाई आफ्नो बच्चाको मेडिक एड पहिलो पटक प्राप्त गर्नको निम्ति तपाईंको मन्जुरी माग्न भन्दा अघि, तपाईंलाई IDEA अन्तर्गत तपाईंले पाउन सक्नु हुने निम्न अधिकारहरु र सुरक्षाहरुको सूचना उपलब्ध गराएको हुनुपर्छ।

- स्कुल विभागले पहिलो पटक तपाईंको बच्चाको मेडिक एड प्रयोग गर्न भन्दा अघि तपाईंलाई यो सूचना प्रदान गर्नु IDEA को आवश्यकता हो ,
- यसले ति भत्ताहरु पहिलो पटक प्रयोग गर्न तपाईंको मन्जुरी प्राप्त गर्न भन्दा अघि; र
- त्यस पछि वार्षिक रुपमा।

जबसम्म स्पष्ट संग यसो गर्नु सहज नभएको अवस्था बाहेक, यो लिखित सूचना साधारण जनताले र तपाईंले बुझ्ने भाषामा वा तपाईं को मातृ भाषामा लिखित रुपमा वा तपाईंले प्रयोग गर्नुहुने अन्य संचारको मध्यम बाट बुझाइनु पर्छ।

**अभिभावकीय मन्जुरी**

तपाईंको स्कुल विभागले बच्चाको नागरिक भत्ताहरु वा बिमा पहिलो पटक IDEA अन्तर्गतका विशेष शिक्षा र सम्बन्धित सेवाहरु प्रयोग गर्न भन्दा अघि, तपाईंको हस्ताक्षरित र मिति सहितको लिखित मन्जुरी प्राप्त गर्ने पर्छ। तपाईंको स्कुल विभागले तपाईंलाई हस्ताक्षर र मिति लेख्नको निम्ति एउटा मन्जुरी फारम उपलब्ध गराउने छ। तपाईंको स्कुल विभागले केवल एक पटक मात्रै तपाईंको मन्जुरी प्राप्त गर्न पाउँछ।

मन्जुरीको आवश्यकताको दुइ भागहरु छन:

१.) मेडिक एड प्रबन्ध गर्नको लागि जिम्मेवार राज्यको निकायमा तपाईंको बच्चाको व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीको खुलासा गर्नको लागि सहमति।

- तपाईंको बच्चाको मेडिक एडमा पहुँच गर्न, केहि व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी स्कुल विभाग द्वारा राज्य मेडिक एड निकाय वा मेडिक एड बिलिंग निकायमा बिलिंग उदेश्यहरुको लागि खुलासा गरिनेछ। संघिय कानून अन्तर्गत, तपाईंको बच्चाको शिक्षा रेकर्डहरु बाट स्कुल विभागले व्यक्तिगत रुपमा पहिचान योग्य जानकारी (जस्तै बच्चाको नाम, ठेगाना, विद्धार्थी नम्बर, IEP वा मुल्याङ्कन परिणामहरु) केहि अपवादहरु सहित तपाईंको स्कुल विभाग बाहेक अन्यलाई खुलासा गर्नु भन्दा अघि तपाईंको लिखित मन्जुरीको आवश्यकता पर्छ। तपाईंको बच्चाको मेडिक एड प्रयोगको लागि तपाईंको शुरुको मन्जुरीले तपाईंको स्कुल विभागलाई मेडिक एड क्षतिपूर्तिको लागि आवश्यक व्यक्तिगत रुपमा पहिचान योग्य जानकारीलाई राज्य मेडिक एड निकाय वा मेडिक एड बिलिंग निकायमा खुलासा गर्न अनुमति दिन्छ।

२.) तपाईंको बच्चाको मेडिक एड प्राप्त गर्न एउटा अभिव्यक्ति:

- स्कुल विभागलाई तपाईंको बच्चाको मेडिक एड प्रयोग गर्न अनुमति दिन तपाईंको मन्जुरीको निम्ति तपाईंलाई कति पनि खर्च लाग्दैन, र तपाईंको बच्चाले मेडिक एड व्यवस्था बाट प्राप्त गर्ने अन्य कुनै पनि आवश्यकीय सेवाहरुमा कुनै नकारात्मक असर पर्दैन। मेडिक एड प्रयोग सम्बन्धमा निश्चित सुरक्षाहरु छन:
  - स्कुल विभागले पहिलो पटक तपाईंको बच्चाको मेडिक एड प्रयोग गर्नु भन्दा अघि स्कुल विभागले लिखित अभिभावकीय मन्जुरी प्राप्त गर्नुपर्छ।
  - यदि त्यो प्रयोगले निम्न कुराहरु गरेको खण्डमा तपाईंको स्कुल विभागले तपाईंको बच्चाको मेडिक एड पहुँच(प्रयोग) गर्न सक्दैन:
    - उपलब्ध भएको आजीवन बिमिकृत राशि वा अन्य कुनै मेडिक एड भत्तामा कमि ल्यायो भने;
    - मेडिक एडले तिर्नु पर्नेमा परिवारले स्वास्थ्य सम्बन्धि आवश्यकीय सेवाहरु तिर्नु पर्ने भयो भने (स्कुल वा अन्य परिस्थितिमा होस्)।
    - प्रिमियममा वृद्धि (जहाँ लागू हुन्छ) वा भत्ताहरु वा बिमा बन्द गर्नु पर्ने तर्फ लग्यो भने; वा
    - समग्र स्वास्थ्य संग सम्बन्धित खर्चहरुमा आधारित रहेर, घर र समुदायमा आधारित अधित्यागहरुका निम्ति योग्यता गुमाउने जोखिम भएमा।

- **मन्जुरी फिर्ता**
- यदि तपाईंले आफ्नो बच्चाको वैयक्तिक पहिचान सूचना तपाईंको बच्चाको मेडिक एड प्रदान गर्नको निम्ति जिम्मेवार राज्य निकायलाई खुलासा गर्नको निम्ति तपाईं को स्कुल विभागलाई आफ्नो मन्जुरी उपलब्ध गराउनु भयो भने, संघिय कानून अन्तर्गत त्यो मन्जुरी कुनै पनि समय फिर्ता लिन तपाईंसँग अधिकार छ।

- IDEA अन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरुको लागि तपाईंको वा तपाईंको बच्चाको नागरिक भत्ताहरु र बिमा कार्यक्रमलाई बिल गर्न तपाईंले स्कुल विभागलाई जारि राख्न चाहनु हुन्न भने, तपाईंले स्कुल विभागलाई तपाईंको बच्चाको मेडिक एड भत्ताहरु पहुँच गर्न अनुमति दिने तपाईंको मन्जुरी फिर्ता लिन आवश्यक हुनेछ। आफ्नो मन्जुरी फिर्ता गरेर तपाईंले बच्चाको राज्य नागरिक भत्ताहरु र बिमा कार्यक्रममा पहुँच गरे स्कुल विभागको अधिकारलाई समाप्त गर्दै हुनुहुन्छ। स्कुल विभागले तपाईंको हस्ताक्षरित फिर्ता प्राप्त गरेको देखि यो मन्जुरीको फिर्ता लागू हुन्छ।

*आमाबुवा/अभिभावकले बच्चाको मेडिक एडमा पहुँच गर्न मन्जुरी फिर्ता लिँदै हुनुहुन्छ भने मात्र तलको खण्ड पुरा गर्नुहोस*

**मन्जुरीको फिर्ता**

विद्धार्थीको नाम:_________________________________ जन्म _____/______/_____

मेडिक एड आइडि नम्बर________________________________

माथिको विद्धार्थीको आमाबुवा/अभिभावकको हैसियतले, म स्कुल विभागलाई बच्चाको मेडिक एड पहुँच गर्न अनुमति दिईएको मेरो मन्जुरी फिर्ता लिन्छु। अब देखि स्कूल विभागले मेरो बच्चाको विशेष शिक्षा र सम्बन्धित सेवाहरुको खर्च तिर्न सहायता गर्ने मेरो बच्चाको मेडिक एड प्रयोग गर्न पाउने छैन भन्ने कुराको अर्थ मैले बुझेको छु। यो मन्जुरी फिर्ता तब मात्रै लागू हुन्छ जबसम्म स्कुल विभागले आमाबुवा/अभिभावकले हस्ताक्षर गरेको मन्जुरीको फिर्ता फारम प्राप्त गर्दैन।

_________________________ _________________________

अभिभावकको हस्ताक्षर आजको मिति

*विद्धार्थीलाई सक्कल फाइल -------आमाबुवा/अभिभावकलाई प्रतिलिप*